का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ पुस २०७९,
शनिबार
31 December 2022,
Saturday

मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३१५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# शक्तिशाली ओली

आमचुनावमा दोस्रो दल भएपनि सरकार निर्माणमा निर्णायक भूमिका खेलेका एमाले अध्यक्ष केपी शर्मा ओली राज्य सत्ताको पावर सेयरिङमा केन्द्रित छन् । सात दलको समर्थनमा प्रचण्ड प्रधानमन्त्री बनेपनि ओली नै भागबण्डाको निर्णय गर्न सामर्थ्य राख्ने नेता बनेका छन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ पुस ।

११ पुसमा संसद भवन नयाँ वानेश्वरमा सत्ता साझेदार सात दलको बैठक थियो । त्यस दिन प्रधानमन्त्री प्रचण्डको शपथ तय भएको थियो । अन्य दलहरुबाट मन्त्रीहरु बन्ने विषयमा छलफल गर्न बसेको सत्ता साझेदार दलहरुको बैठकमा एमाले अध्यक्ष ओलीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई आफूले उपप्रधान तथा गृहमन्त्री दिने भनेको सुनाए । सोही अनुसार निर्णय लिन प्रचण्डलाई सुझाए ।

आफ्नै निवास वालकोटमा माओवादीका उपाध्यक्षलाई उपप्रधानमन्त्री बनाउने र दोस्रो वरियतामा राख्न सहमत भएको भए पनि नयाँ वानेश्वरको बैठकमा ठूलो दल भएका कारण दोस्रो वरियतामा एमालेबाट विष्णु पौडेल रहने भनिदिए ।

विष्णु पौडेल दोस्रो बरियतामा रहने गरी उपप्रधान तथा अर्थमन्त्री भएपछि माओवादीका वरिष्ठ उपाध्यक्ष समेत रहेका नारायणकाजी श्रेष्ठले उपप्रधानमन्त्रीकै शपथका लागि आनाकानी गरेका थिए । अझ एमाले अध्यक्ष ओलीले श्रेष्ठलाई उपप्रधान तथा परराष्ट्रमन्त्री बन्न भनेका थिए । तर, श्रेष्ठले आफू परराष्ट्रमन्त्री बन्न तयार नभएको बताएपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्री बनाइयो ।

अर्थात, सत्ता साझेदार दलहरुको बैठकमा प्रधानमन्त्री प्रचण्ड कम बोलिरहेका थिए । एमाले अध्यक्ष ओली भागवण्डा नै मिलाइरहेका थिए । उनले गठबन्धनको नेतृत्व आफ्नो पार्टीले गरेका र आफ्नो कुरा मान्य अन्य दलहरु तयार रहनुपर्ने संदेश दिइरहेका थिए । जनमतको हिसाबले ठूलो दल सरकारमा सहभागी भएर तेस्रो दललाई प्रधानमन्त्री बनाउँदै गर्दा यसलाई कतिपय नेताहरुले स्वभाविक रुपमा लिए । ३२ सिटको पार्टीले प्रधानमन्त्री लिँदा २० सिटको पार्टीलाई गृहमन्त्री दिलाए । आफ्नै पार्टी र माओवादीभित्र गृहमन्त्री ताक्नेहरु धेरै थिए । तर, ओलीले छलफल हुनै दिएनन् ।

मन्त्रालय भागवण्डामा मात्रै ओलीले नेतृत्व लिइरहेका छैनन् । सरकार नै आफ्नो भएको सन्देश दिने गरी कदम चालिरहेका छन् । सरकारलाई आफ्नै लगामले निर्देशित गर्ने उद्देश्यबाट एमाले अध्यक्ष ओलीले गठबन्धन अन्तर्गत उच्चस्तरीय संयन्त्र गठन गरेका छन् । गठबन्धन भित्र रहेका दलका शीर्ष नेता सम्मिलित रहने उक्त संयन्त्रको संयोजकमा ओलीले भूमिका निर्वाह गर्ने छन् । उक्त संयन्त्रले सरकारलाई आवश्यकता अनुसार मार्गनिर्देशन गर्न सक्ने जनाइएको छ ।

मुलुकको कार्यकारी भूमिकामा प्रधानमन्त्री रहन्छ । मन्त्रिपरिषदमा पनि प्रधानमन्त्रीकै भूमिका निर्णायक हुन्छ । सत्तारुढ गठबन्धनले अहिले निर्माण गरेको उच्चस्तरीय संयन्त्रले कार्यकारी भूमिकामा रहेको प्रधानमन्त्रीलाई समेत मार्गनिर्देश गर्ने भनिएको छ । जसले गर्दा सरकारलाई आफ्नो अधिनमै राख्न ओलीले यस्तो संयन्त्र निर्माण गरेका हुन् भनेर बुझ्न कठिन छैन । प्रधानमन्त्री प्रचण्डसँग अझै अविश्वास रहेका कारण ओलीले आफ्नो अनुकुल परिस्थिति निर्माण गरिरहन संयन्त्रमार्फत भूमिका निर्वाह गर्ने आकलन गरिएको छ ।

संयन्त्रको नेतृत्वमा आफैँ बसेका ओलीले सत्ता साझेदार दलहरुबीच सहमतिमा साझा न्यूनतम कार्यक्रमको खाका बनाउन उपप्रधानमन्त्री तथा एमाले उपाध्यक्ष विष्णु पौडेलको संयोजकत्वमा मस्यौदा समिति बनाएका छन् । भागबण्डा मिलाउने देखि साझा न्यसनतम कार्यमत तय गर्नेमा समेत एमाले नेतृत्व स्थापित गरेका छन् ।

अर्थात, आम चुनावमा दोस्रो दल भए पनि सरकार निर्माणमा निर्णायक भूमिका खेलेका ओली राज्य सत्ताको पावर सेयरिङमा केन्द्रित छन् । सात दलको समर्थनमा प्रचण्ड प्रधानमन्त्री बने पनि ओली नै कुन दललाई कति भाग दिने भन्ने पावरमा छन् ।


## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं ।
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

*झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गाई ज्यान जान सक्दछ ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


# छटपटिएको कांग्रेस दोष जति देउवालाई



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ पुस ।

दुई ठूला कम्युनिष्ट पार्टीबीच नाटकीय सहमति जुटेपछि संसदको तेस्रो दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बनेका छन् । संसदको दोस्रो दल नेकपा एमालेको साथ पाएर प्रचण्ड प्रधानमन्त्री बनेपछि यसको छटपटी भने नेपाली कांग्रेसभित्र देखिएको छ । स्थानीय, प्रदेश र संघको चुनावमा साझेदारी गरेको माओवादी केन्द्रले गठबन्धन बदलेपछि कांग्रेस नेताहरु चकित देखिन्छन् ।

> संसदको सबैभन्दा ठूलो दल बनेर पनि प्रतिपक्षी भूमिकामा बस्नुपर्ने परिस्थिति सिर्जना भएपछि नेपाली कांग्रेसभित्र आरोप-प्रत्यारोप चर्किएको छ । संस्थापन इतर समूहका नेताहरुले त सभापति देउवाको राजीनामादेखि विशेष महाधिवेशनको माग समेत राखेका छन् ।

किनकि दुई वर्ष अगाडि मात्रै तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) फुटेपछि कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठबन्धन बनेको थियो । माधवकुमार नेपालले एमाले विभाजन गरेरै देउवालाई प्रधानमन्त्री बन्न साथ दिएकाले पनि कम्युनिष्टहरु तत्काल मिल्न नसक्ने कांग्रेस नेताहरुको बुझाइ थियो । तर गठबन्धन तोड्दै एमाले सहित सात दलको समर्थनमा प्रचण्ड प्रधानमन्त्री भए ।

तेस्रोपटक प्रचण्ड प्रधानमन्त्री हुँदा देउवाको फेरि सत्ता नेतृत्व गर्ने सपना – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# एमडीएमएस लागू गर्ने निर्णयबाट पछि हट्यो सरकार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ पुस ।

वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरूको चर्को विरोधपछि सरकार मोबाइल डिभाइस म्यानेजमेन्ट सिष्टम (एमडीएमएस) लागू गर्ने निर्णयबाट पछि हटेको छ । सरकारको निर्णयसँगै वैदेशिक रोजगारबाट घर फर्किदा परिवारका सदस्य तथा आफन्तलाई उपहारस्वरूप मोबाइल ल्याउँदा भन्सार लिने सरकारी निर्णय तत्काल कार्यान्वयन नहुने भएको हो ।

विदेशमा रहेका नेपालीबाट साथमा ल्याएको मोबाइलमा राजस्व लिने सरकारी तयारीपछि नेपाल रेमिट्यान्स नपठाउने भन्दै 'नो रेमिट्यान्स' अभियानको शुरूवात गरिएको थियो । – बाँकी पृष्ठ २ मा

## दोहा अन्तर्राष्ट्रिय विमानस्थल बन्द गरिने

कतार/मस– विश्वकप २०२२ का अवसरमा खुला गरिएको दोहा अन्तर्राष्ट्रिय विमानस्थल बन्द गरिने भएको छ । विश्वकपको बेला हवाई ट्राफिक तथा यात्रु व्यवस्थापन गर्न खुला गरिएको पुरानो विमानस्थल डिसेम्बर ३१ शनिबारदेखि बन्द गर्न लागिएको कतारका अधिकारीहरूले बताएका छन् ।

कतारले गत सेप्टेम्बर २१ तारेखदेखि नेपाल एयरलाइन्ससहित १३ अन्तर्राष्ट्रिय विमानले पुरानो विमानस्थलबाट उडान र अवतरण गरेका थिए ।

## कम्बोडिया आगलागीमा निधन भएका पाण्डे भिजिट भिसामा गएको खुलासा

काठमाडौं/मस- कम्बोडियाको एक होटल क्यासिनोमा भएको भीषण आगलागीमा परेर ज्यान गुमाएका झापा, विर्तामोडका ४० वर्षीय निराकार पाण्डे भिजिट भिसामा गएको खुलेको छ । थाइल्याण्ड र कम्बोडियाको सीमा नजिक क्याम्बोडियाको पोइपेटस्थित क्यासिनोमा भएको भीषण आगलागीमा परी शुक्रबारसाँझसम्म झापाका पाण्डेसहित २४ जनाको मृत्यु भएको छ ।

भिजिट भिसामा गई उतै वैदेशिक रोजगारमा लाग्नेहरूको मृत्यु वा अंगभंग भएमा उनीहरूलाई वैदेशिक रोजगार ऐन अन्तर्गत क्षतिपूर्ति पाउँदैनन् । आगलागीबाट ज्यान जोगाउने अवस्था नरहेपछि उनले परिवार तथा आफन्तजनसँग कुराकानी गरेर भवनको १२ औं तल्लाबाट ज्यान जोगाउन हामफालेका थिए । तर उनको ज्यान जोगिन सकेन । उनको शव नेपाल फर्काउन थाइल्याण्डस्थित नेपाली दूतावासले पहल गरिरहेको बताएको छ ।

# एकताको दबावमा नेतृत्व

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १६ पुस ।


नेकपा एमालेसँगको समर्थनमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बनेसँगै वाम एकताको चासो फेरि बढेको छ । मुख्यगरी एमालेबाट विभाजित भएको एकीकृत समाजवादीसँग एकता गरेर पहिलो पार्टी बन्ने रणनीतिमा केपी शर्मा ओली लागेको चर्चा चलिरहेको छ ।

तर, बाहिर चर्चा भएजस्तो छलफल नभएको नेताहरुले बताएका छन् । त्यति मात्रै होइन, दुवैतर्फका नेताहरु निश्चित मापदण्ड र कार्यकर्ताको भावना बुझेर मात्रै एकता गर्नुपर्ने जोड दिइरहेका छन् । 'अहिले चलिरहेको छलफल सरकारको समर्थनको दायरा बिस्तार गर्नमा सीमित छ । त्यसभन्दा बाहिर चलेका चर्चा अनुमान, अतिरञ्जना र हल्ला मात्र हुन् । पार्टीभित्र र बाहिरबाट सिर्जित भयानक घेराबन्दी तोडेर आन्दोलन यहाँसम्म आइपुगेको हो । संकटका बेला सतिसालझैं उभिएका कमरेडहरूको भावना विपरीत कुनै निर्णय हुने – बाँकी पृष्ठ २ मा



> पार्टी एकीकरण गर्नेगरी अगाडि बढेको छैन । यति बेला पार्टी सुदृढीकरण योजना बनाउदैछ । पार्टी बिस्तारका अभियानहरु कसरी अगाडि बढाउने भनेर बिचार बिमर्शमा छ ।

**जगन्नाथ खतिवडा**
*प्रवक्ता, एकीकृत समाजवादी*



> पार्टीभित्र र बाहिरबाट सिर्जित भयानक घेराबन्दी तोडेर आन्दोलन यहाँसम्म आइपुगेको हो । संकटका बेला सतिसालझैं उभिएका कमरेडहरुको भावना विपरीत कुनै निर्णय हुने छैन ।

**प्रदीप ज्ञवाली**
*उपमहासचिव, एमाले*


सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४५८७४०५

निर्मला पन्त हत्या प्रकरण

# गृहमन्त्री लामिछानेलाई अनुसन्धान प्रगतिबारे ब्रिफिङ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ पुस

बलात्कारपछि हत्या भएकी निर्मला पन्तको दोषि पक्राउ पर्न सकेका छैनन् । पन्तलाई न्यायको लागि पटक-पकट सरकारको ध्यानाकर्षण गरेपनि उनको परिवारले अझै न्याय पाउन सकेको छैनन् । उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने सञ्चारकर्मी हुँदा पटक-पटक निर्मला पन्त हत्या प्रकरणका विषयलाई उठान गरेका थिए । हाल उनै लामिछाने गृहमन्त्री छन् । उनले अहिले निर्मला प्रकरणलाई चासोका रुपमा लिएका छन् । गत सोमबार पदभार ग्रहण गरेसँगै गृहमन्त्री लामिछानेले निर्मला पन्तलाई न्याय दिलाउन अधिकतम पहल गर्ने निर्णय समेत गरेका थिए ।

यसैबीच नेपाल प्रहरीले उपप्रधान तथा गृहमन्त्री लामिछानेलाई निर्मला पन्त हत्या घटनाको अनुसन्धान प्रगतिबारे ब्रिफिङ गरेको छ । शुक्रबार नेपाल प्रहरी प्रधान कार्यालय नक्सालको निरीक्षण क्रममा गृहमन्त्री रवि लामिछानेलाई प्रहरी टोलीले निर्मलाको घटना प्रगतिबारे ब्रिफिङ गरेको हो ।



प्रहरी महानिरीक्षक, अतिरिक्त महानिरीक्षक, नायब निरीक्षकसहितको टोलीले हालसम्म भएका अनुसन्धान प्रगतिबारे ब्रिफिङ गरेको हो ।

निरीक्षणपश्चात प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयले तयार पारेको 'सेवा प्रतिको सन्तुष्टि र कार्य सम्पादनमा प्रभाव पार्ने तत्वहरू: नेपाल प्रहरीमा कार्यरत जुनियर प्रहरी अधिकृतहरूको मामिला अध्ययन' र 'नेपाल प्रहरीमा युवाको आकर्षण र विकर्षणको अवस्था विषयक' २ वटा छुट्टाछुट्टै अध्ययन प्रतिवेदन सार्वजनिक समेत गरिएको थियो ।

सो प्रतिवेदनले नेपाल प्रहरीमा कार्यरत जुनियर प्रहरी अधिकृतहरूको कार्य सम्पादनमा प्रभाव पर्ने तत्वहरूको पहिचान गर्ने र सुधारका क्षेत्रहरू पहिल्याउने समेत जनाएको छ ।

त्यस्तै, लामिछानेले सर्वसाधारणको प्रहरी सेवामा सहज पहुँचको व्यवस्था र दण्डहीनताको अन्त्यको साथै भ्रष्टाचारमा शून्य सहनशीलताको नीति व्यवहारमा लागू गर्न समेत निर्देशन दिएका छन् । लामिछानेले सीमा क्षेत्रमा हुने भन्सार छलि, तस्करी तथा अन्य अनियमितता, लागुऔषध बिक्रीवितरण र सेवनलाई पूर्ण निस्तेज पार्न विशेष कार्ययोजना बनाई कार्यसम्पादन गर्न समेत निर्देशन दिएका छन् ।

महिला, बालबालिका र जेष्ठ नागरिकहरूको सन्दर्भमा अझ बढी संवेदनशील भएर सोही अनुसार सेवा प्रवाह गर्न उनले निर्देशन दिएका छन् । सरूवा, बढुवा र वृत्तिविकासको लागि मापदण्ड तयार गरी लागू गरिने र मापदण्ड र कार्य सम्पादनको मूल्यांकनको आधारमा बढुवा र सरूवा गर्ने गराउने व्यवस्था कडाइका साथ पालना गरिने पनि उनले बताए ।

# आम जनता पार्टीमा आवद्ध छैनः सांसद साह

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ पुस

रौतहट क्षेत्र नम्बर २ का सांसद किरण साहले आम जनता पार्टीमा आवद्ध नरहेको प्रष्टिकरण दिएका छन् ।

नेकपा एमाले परित्याग गरेर स्वतन्त्र निर्वाचित प्रभु साहको अध्यक्षमा गठन भएको पार्टीमा आफू आवद्ध नरहेको उनले बताएका छन् । साथै उनले आफ्नो बारेमा कपोकल्पित एवं भ्रामक समाचार आएकोप्रति गम्भीर ध्यानाकर्षण भएको उनले बताएका छन् । आम जनता पार्टी घोषणा भएको मिडियामार्फत सुनेका र आफ्नो नाम जोडेर संसदीय विभाग प्रमुख नियुक्त गरेको सुन्दा अचम्मित भएको मध्यान्हलाई बताए ।

नेकपा एमाले छाडेका नेता प्रभु साहले बिहीबार आफ्नै नेतृत्वमा आम जनता पार्टी गठन गरेका थिए । काठमाडौंमा भएको भेलाले साहको अध्यक्षतामा ५१ सदस्यीय केन्द्रीय तदर्थ समिति गठन गरेको थियो ।

# माछा मार्ने क्रममा करेन्ट लागेर मृत्यु

**रौतहट/मस–** रौतहटमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । गरुडा नगरपालिकाको वडा नम्बर ७ दोस्तीया पिपरियाका ३० वर्षीय राम तिलक पटेलको माछा मार्ने क्रममा करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ । तरहरि खोलामा माछा मार्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका पटेलको उपचारका लागि अस्पताल लैजाँदै गर्दा मृत्यु भएको हो ।

इलाका प्रहरी कार्यालय गरूडाका प्रहरी नायब उपरीक्षक बरुण बहादुर सिंहका अनुसार उनको शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा लगिएको छ । घटनाको बारेमा थप छानविन भइरहेको प्रहरीले जनाएको छ ।

बाँके डायरी
पवन जायसवाल/मध्यान्ह

# प्रदेशस्तरीय महोत्सव आयोजना गरिँदै

नेपालगन्जमा प्रदेशस्तरीय 'लघु घरेलु, कृषि, पर्यटन महोत्सव-२०७९' आयोजना गरिने भएको छ । 'समृद्ध नेपालको प्रमुख आधार, कृषि, पर्यटन, उद्योग, संस्कृति र व्यापार प्रवर्द्धनका साथै नागरिक स्वरोजगार' भन्ने नाराका साथ महोत्सवको आयोजना गर्न लागिएको हो ।

नेपाल घरेलु तथा साना उद्योग महासंघ बाँके र शिवालय सेक्युरिटी तथा मल्टिप्रपोज कम्पनी प्रा. लि.बाँकेको संयुक्त आयोजनामा यही माघ १० देखि २४ गतेसम्म नेपालगन्ज उप-महानगरपालिका वडा नं.-१८ मा रहेको सडक डिभिजन कार्यालय कारकाँदौंको परिसरमा महोत्सवको आयोजना गर्न लागिएको शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

नेपाल घरेलु तथा साना उद्योग महासंघ बाँकेका अध्यक्ष मधु कुमारी खड्काको अध्यक्षता भएका पत्रकार सम्मेलनमा महासंघका केन्द्रीय अध्यक्ष तथा प्रमुख अतिथि उमेश प्रसाद सिंहले लुम्बिनी प्रदेशमा के-के वस्तु उत्पादन हुन्छ सो को महोत्सवमा प्रदर्शनी गरिने जानकारी गराए ।

महोत्सव सफल पार्न सबैको सहयोग चाहिने उनको भनाइ छ । शिवालय सेक्युरिटी तथा मल्टीप्रपोज प्रा.लि.बाँकेका प्रबन्धक निर्देशक भक्त बहादुर थापामगरले पूर्व नेपाली सेनाका क्याप्टेन सेवा निवृत्ति भएका, शिवको नामसँग जोडिएर यो संस्था सरकारी तथा गैरसरकारी संस्थाहरुको सुरक्षा गर्नका लागि स्थापना गरिएको बताए ।

नेपाल घरेलु तथा साना उद्योग महासंघ बाँकेका महासचिव




जीआर भुषालद्वारा सञ्चालित कार्यक्रममा महासंघकी अध्यक्ष मधु खड्काले ८० लाख रुपैयाँ बराबरको अनुमानित खर्च हुने बताइन् । यस्तै महोत्सवबाट १ करोड ८० लाख जतिको आम्दानी हुने उनको भनाइ छ । महोत्सवका लागि विभिन्न पालिका, प्रदेशबाट सहयोग प्राप्त हुने उनको भनाइ छ । यसरी महासंघले ३ वटा महोत्सव गरि सकेको छ । यो चौथो पटक महोत्सव गर्न लागिएको हो ।

विगत केही वर्षदेखि देशमा आर्थिक संकटले व्यवसायीहरु बढी मारमा परिरहेका छन् । यसलाई मध्ये नजर गरी यो महोत्वसको आयोजना गर्न लागिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । महोत्सवमा यस क्षेत्रमै पहिलो पटक कुस्ती प्रतियोगिता आयोजना गरिँदै छ । जसमा नेपालकै उत्कृष्ट इन्टरनेशनल खेलाडी दावा थापा लगायतका खेलाडीहरुको सहभागिता रहने छ । महोत्सवमा प्रवेशका लागि शुल्क ६०/- र विद्यार्थीहरुका लागि ५०/- रुपैयाँ टिकट दर राखिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

महोत्सवमा ३ सय स्टल रहनेछ । जसभित्र थारु होमस्टे थारु गाउँ पनि रहने छ । महोत्सवभित्र टिकटक पारखीका लागि टिकटक प्वाइन्ट समेत रहने भएको छ । खेलमा बाल उद्यान लगायतका विभिन्न खेलहरुको स्टल समेत रहने छ । महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारहरुको बेजोड प्रस्तुति, जसमा ५० बढी कलाकारहरुको सहभागिता रहने छ ।

१४ दिने हुने महोत्सवमा करिब १ लाख दर्शकले अवलोकन गर्ने छन् । उद्घाटनको दिन धम्बोझी देखि कार्यक्रम स्थलसम्म भव्य झाँकी समेतको आयोजना गरिने छ । महोत्सवमा १२ जिल्लाका उद्यमीहरुले उत्पादन गरेको बस्तुलाई पहिलो प्रथामिकता तथा स्थानीय बस्तुलाई पनि प्राथामिकता दिइनेछ । सो कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग महासंघका केन्द्रीय सदस्य जीवनाथ सापकोटा, महिला उद्यमी संघकी अध्यक्ष सुमित्रा चौधरी, नेपाल पत्रकार महासंघ बाँकेको पूर्व अध्यक्ष झलक गैरे, लुम्बिनी प्रदेशका सदस्य मोहम्मद आरीफ अन्सारी, नेपाल प्रेस युनियन बाँकेका अध्यक्ष अर्जुन ओली र प्रेस चौतरी बाँकेका पूर्व अध्यक्ष भेषराज बस्नेत लगायतको सहभागिता रहेको थियो ।

# बाँकेमा बढ्यो चिसो पूर्व तयारीबारे ध्यानाकषर्ण



अत्याधिक चिसो तथा शितलहर शुरु भएपछि त्यसबाट बच्नका लागि पूर्व तयारीबारे बाँके जिल्ला प्रशासन मार्फत गृह मन्त्रालयको ध्यानाकषर्ण गराइएको छ ।

बाँकेका नागरिक समाजका अगुवाहरुको एक समूहले बाँके जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी टोपेन्द्र बहादुर केसीमार्फत गृह मन्त्रालयद्वारा देशका पश्चिम जिल्लाहरुमा एक्कासी बढेको अत्याधिक चिसोको व्यवस्थापन तथा पूर्व तयारीका बारेमा ध्यानाकषर्ण गराएको हो ।

अहिले बाँकेमा चिसो बढेपछि शितलहर र कुहिरोका कारण जेष्ठ नागरिक, असहाय, बालबालिका, दिर्घरोगी, मजदुर, अति विपन्न परिवारका नागरिकहरुको स्वास्थ्यमा प्रतिकुल असर परेको छ भने उनीहरु बिरामी हुन थालेका छन् । सो कुरालाई मध्यनजर गर्दै ५ बुँदे ध्यानाकषर्ण गराइएको छ ।

शीतलहरका कारण मानव जीवनमा पर्न सक्ने असर र सोबाट बच्ने उपायका बारे प्रत्येक गाउँ, टोलमा जनचेतना फैलाउने कार्य तत्काल गर्न गराउन, चिसो तथा शीत लहरका कारण नागरिकको जीवन रक्षार्थ प्रत्येक टोलटोलमा दाउराको व्यवस्था गर्न, ज्येष्ठ नागरिक, असहाय, बालबालिका, दिर्घरोगी, अतिविपन्न परिवारका नागरिकहरुलाई जाडो तथा शितलहरबाट सुरक्षित राख्नका लागि न्यानो कपडा तथा उचित राहतको व्यवस्थापन गर्न, शितलहरका कारण हुन सक्ने विरामीलाई औषधि उपचारको यथोचित समयमा व्यवस्थापन तथा पुर्वतयारीको राम्रो ब्यवस्थापन गर्न र विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुसारको मानवीय काम कारवाहीलाई अघि बढाउन माग गरि सोको कार्यन्वयनका लागि ज्ञापनपत्र बुझाइएको छ ।

सूचना र मानव अधिकार अनुसन्धान केन्द्रका अध्यक्ष तथा अधिवक्ता विश्वजित तिवारीको नेतृत्वमा समुले ज्ञापनपत्र बुझाएको थियो ।

केन्द्रका अध्यक्ष विश्वजित तिवारी, बाँके ज्येष्ठ नागरिक कृष्ण मुरारी प्रसाद भट्ट, सूचना अभियन्ता शैलेन्द्र बैश्य, नरसिंह सोनी, अरुण तिवारीको समूहले बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी टोपेन्द्र बहादुर केसीमार्फत ज्ञापनपत्र बुझाइएको छ ।

# नेपाल शिक्षक संघ हुम्लाको अध्यक्षमा हमाल




**हुम्ला/मस–** नेपाल शिक्षक संघ हुम्लाको अध्यक्षमा जुनराज हमाल निर्वाचित भएका छन् । बुधबारदेखि शुक्रबारसम्म चलेको संघको नवौं जिल्ला अधिवेशनले हमालको नेतृत्वमा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको नेपाल शिक्षक संघ निर्वाचन समितिका निर्वाचन संयोजक राजबहादुर शाहीले बताए । कार्यक्रममा शिक्षक संघका पूर्व अध्यक्ष कैलास रोकाया, नेपाली कांग्रेसका पूर्व सभापति एवं नेपाली कांग्रेसका कर्णाली प्रदेश सदस्य जयपति रोकाया, खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्ण रावल, विपि चिन्तन प्रतिष्ठानका जिल्ला अध्यक्ष मधु बस्नेत शाही, नाम्खा गाउँपालिका उपाध्यक्ष तक्दिर लामा लगायतको सहभागिता रहेको थियो । कार्यक्रमका वक्ताहरुले जिल्लाको भौगोलिक विकटतासँगै पिछडिएका आवजहरुलाई बुलन्द पार्नका लागि संघका सदस्यहरुले भूमिका खेल्नुपर्ने बताएका थिए ।

# अपराध न्यूनीकरणका लागि समुदायस्तरमा कार्यक्रम

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १५ पुस

हुम्लाको सिमकोट गाउँपालिका १ मा स्थापित ठेहे प्रहरी चौकीले समुदायस्तरमा घट्ने अपराधका घटना न्यूनीकरण गर्न साझेदारी गर्दै आएको छ । प्रहरी चौकीले बिहीबार वडा १ मा पर्ने तुम्लिक जिउला गाउँका समुदायलाई अपराधका विरुद्धमा साझेदारी गरिएको प्रहरी सहायक निरीक्षक रामराज चौधरीले बताए ।

प्रहरी सहायक निरीक्षक चौधरीको कमाण्डमा चार जनाको टोली गाउँमा गएर बालबालिका, महिलाहरुलाई आर्थिक अपराध, साइवर अपराध, साइवर प्रयोग गरेर अपराध क्रिप्टोकरेन्सी जस्ता घटना न्यूनिकरणमा जनचेता मुलक



कार्यक्रम गरिएको छ ।

यस्तै जिल्ला प्रहरी नायक उपरीक्षक कृष्णराज ओझाले जिल्ला मातहतका प्रहरी चौकिबाट यस्ता घटनाको विषयमा समाजमा जनचेतना मुलक कार्यत्रम अझै व्यवस्थित बनाउने बताए । उक्त वडाका लुम्लिक गाउँमा करिब ३० देखि ४० जनालाई अपराधका घटनाका विषयमा जनचेतनामूलक कार्यत्रम गरिएको थियो ।

## छटपटिएको...

चाहिँ अधुरै भएको छ । ज्योतिषलाई देखाएर सात पटक प्रधानमन्त्री बन्ने योग रहेको देउवाले आफू निकट नेताहरुलाई भन्ने गर्थे । अझ ०७४ को चुनावमा ६३ सिटको पार्टीमा हुँदा पनि नेकपा फुटेर माओवादी र एकीकृत समाजवादीको समर्थन पाउनुले राजनीतिक वृत्तमा देउवा सातौंपटक प्रधानमन्त्री बन्न सक्ने चर्चा हुन्थ्यो ।

तर ८९ सिटसहित संसदको सवैभन्दा ठूलो दल हुँदा पनि देउवाले प्रधानमन्त्री बन्न पाएनन् । राष्ट्रपति र पहिलो प्रधानमन्त्रीको दावीमा कुरा नमिल्दा प्रचण्डले कांग्रेस गठबन्धन छोडेका थिए । संस्थापन इतरका नेताहरुले फेरि कम्युनिष्टको सरकार बन्नुको दोष देउवामाथि लगाएका छन् । डा.शेखर कोइरालाले बक्तव्य जारी गरेरै देउवाको नेतृत्व क्षमतामाथि प्रश्न उठाएका थिए ।

यसपछि कोइराला समूहका नेताहरुले सभापति देउवाको राजीनामा माग्नेदेखि विशेष महाधिवेशनको माग समेत गरिरहेका छन् । पार्टीभित्र शक्तिशाली बन्ने र संस्थापन इतर समूहको कुरा नसुन्ने प्रवृत्तिले कांग्रेस सत्ता राजनीतिमा असफल हुनु परेको उनीहरुको तर्क छ । हुनपनि ६ पुसमा मात्रै भएको कांग्रेस संसदीय दलको चुनावमा देउवाले ६४ मत पाएका थिए । संस्थापन इतर समूहबाट दलको नेतामा चुनाव लडेका महामन्त्री गगन थापाले २५ मत मात्रै पाएका थिए ।

अहिले संस्थापन इतरका नेताहरुले पार्टीभित्र शक्तिशाली रहेका देउवाको नेतृत्व क्षमतामाथि प्रश्न उठाएका छन् । देउवा निकट नेताहरुमा पनि सत्ताबाट बाहिर हुनुपरेको छटपटी देखिएको छ । उनीहरुले भने प्रधानमन्त्री प्रचण्डको बेइमानीलाई दोष लगाउने गरेका छन् ।

## एमडीएमएस...

प्रधानमन्त्री पुष्पकमल दाहाल र उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले नेपाल दुरसञ्चार प्राधिकरणलाई शुक्रबारदेखि लागू गर्ने योजना गरेको एमडीएमएस रोक्न निर्देशन दिन बाध्य भएका थिए । सरकारले मोबाइल डिभाइस म्यानेजमेन्ट सिष्टम (एमडीएमएस) केही समयका लागि रोकिएको र तयारी पूरा गरेर लागू गर्ने बताएको छ ।

प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले एमडीएमएस सिष्टम लागू गर्ने योजना तयारी पूरा गरेर कार्यान्वयनमा लैजाने बताएका छन् । विदेशमा रहेका नेपालीहरूले स्वदेश फर्किदा उपहार स्वरूप ल्याउने मोबाइलमा भन्सार लिने निर्णय अव्यवहारिक र शोषणयुक्त भन्दै आलोचना गरेका छन् ।

## एकताको...

छैन' एमाले उपमहासचिव प्रदीप ज्ञवालीले सामाजिक सञ्जालमा लेखेका छन् ।

ज्ञवालीले बाहिर चर्चामा आएजस्तो समाजवादीसँग मिल्ने तयारी नभएको बताएका हुन् । यद्यपि, एमाले अध्यक्ष ओली र समाजवादीका अध्यक्षकुमार नेपाललाई भेटवार्ता गराउने तयारी भने भइरहेको छ ।

एकीकृत समाजवादीका प्रवक्ता जगन्नाथ खतिवडा तत्काले एमालेसँग एकता गर्ने तयारी नभएको प्रष्ट बनाउँछन् । 'पार्टी एकीकरण गर्नेगरी अगाडि बढेको छैन । यति बेला पार्टी सुदृढीकरण योजना बनाउदैछ । पार्टी बिस्तारका अभियानहरु कसरी अगाडि बढाउने भनेर बिचार बिमर्शमा छ । तसर्थ, कुनै पनि प्रकारका प्रायोजित प्रचारको भ्रममा परेर धारणा बनाउन हुदैंन,' प्रवक्ता खतिवडाले भने ।

समाजवादीका अर्का केन्द्रीय सदस्य अशेष घिमिरे पनि इतिहासको वस्तुगत समीक्षा नगरी एमालेसँग एकता नहुने बताउँछन् । 'उज्यालो संभावनालाई समाप्त पारिएको र ठुलो बलिदानीमाथि गरिएको भद्दा ठट्टाको निकट इतिहासलाई गुपचुप गरिने छैन । एकता त होला, तर इतिहासको वस्तुगत समीक्षा नगरी हतारोमा केही हुँदैन' नेता घिमिरेले भने ।

एकीकृत समाजवादीसँग एकता गरेर माधव नेपाललाई राष्ट्रपति बनाउने चर्चा चलेपछि एमालेका धेरै नेता-कार्यकर्ताले सामाजिक सञ्जालमा सुझबुझपूर्ण निर्णय लिन नेतृत्वलाई सुझाव दिइरहेका छन् । समाजवादीभित्र पनि पार्टीलाई बलियो बनाएर अघि जानुपर्ने र तत्काले एकतामा जान नहुने सुझाव आईरहेका छन् । सञ्चारमाध्यममा दुई पार्टीबीच एकता, वार्ता र सहमतिबारे तीव्र चर्चा भएपनि नेताद्वयबीचको सम्बन्ध भने अझै तिक्ततापूर्ण देखिन्छ ।

# शहीद परिवारहरुलाई थप एक लाख



**एस.पी.गौरब/मध्यान्ह**
सर्लाही, १५ पुस

मधेश प्रदेशको गृह तथा संचार मन्त्रालयले जनयुद्धका शहीद परिवारहरुलाई थप एक लाख दिने निर्णय गरेको छ ।

मधेशी शहीद प्रतिष्ठानका अध्यक्षसमेत रहेका मधेश प्रदेशका गृह तथा सञ्चार मन्त्री भरत प्रसाद साहको अध्यक्षतामा बसेको बैठकले जनयुद्धका शहीद परिवार हरूलाई दिँदै आएको रकममा थप एक लाख रकम दिने, माघ ५ गते बलिदानी दिवस मनाउने, फागुन १ गते जनयुद्ध दिवस मनाउने लगायतका निर्णयहरु गरेको मन्त्री साहका स्वकीय सचिव महेश श्रेष्ठ (कृतिक)ले जानकारी दिए ।

उनका अनुसार जनयुद्ध दिवस महोत्तरी,गौशालामा रहेको बहुउद्धेशीय भवनको हलमा प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यतामा मनाउने निर्णय भएको हो ।

माओवादी केन्द्रले २०५२ साल फागुन १ गतेबाट जनयुद्ध शुरुवात गरेको स्मरण गर्दै हरेक वर्ष फागुन १ गते जनयुद्ध दिवस मनाउने गरेको छ ।

# अस्पताललाई कम्बल वितरण

**काठमाडौं/मस–** जोरपाटीस्थित नेपाल अर्थोपेडिक्स अस्पताललाई कम्बल सहयोग गरिएको छ । डा. राजेश राजभण्डारी र होप वर्ल्डवाइडले अस्पतालका कामु निर्देशक डा. कैलाश भण्डारीलाई ५० थान कम्बल सहयोगस्वरुप हस्तान्तरण गरेका हुन् । अस्पतालमा उपचार गर्नका लागि आउने गरिब तथा विपन्न बिरामीका लागि उक्त कम्बल प्रयोग गरिने अस्पतालले जनाएको छ । नेपाल अर्थोपेडिक्स अस्पताल गैरनाफामूलक अस्पताल हो ।

यो अस्पताल सन् १९९८ मा खगेन्द्र नवजीवन केन्द्र र रोटरी इन्टरनेशनलले च्यारिटेबल भेन्चर्सका रुपमा स्थापना गरिएको हो । अस्पतालले ट्रमा र अर्थोका सुपरस्पेसियालिटी सेवा प्रदान गर्दै आएको छ ।

कोरोना त्रास

# बुस्टर खोपका लागि 'गाभी' लाई पत्र

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १५ पुस



सरकारले अतिरिक्त मात्रा (बुस्टर डोज) का लागि खोप ल्याउने प्रक्रिया शुरु गरेको छ । छिमेकी देश भारत र चीनमा कोरोना भाइरसको संक्रमण दर बढेसँगै नेपालमा पनि खोप ल्याउने प्रक्रिया शुरु भएको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बुस्टर डोजका लागि खोप ल्याउन औपचारिक रुपमा 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स 'गाभी'लाई पत्र लेखेको छ । स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको खोप शाखाका प्रमुख सागर दाहालका अनुसार बिहीबार १५ लाख खोपका लागि 'गाभी' लाई पत्र पठाइएको जानकारी दिए ।

गाभीले कोभ्याक्स सुविधामार्फत नेपाललाई खोप उपलब्ध गराउने छ । उनले भने, 'कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि बुस्टर खोप लगाउन खोप ल्याउनका लागि कोभ्याक्सलाई पत्र लेखेका छौं । यही पुसको तेस्रो हप्तामा कोभ्याक्सले खोप पठाउने जानकारी दिन्छ ।'

खोपबारे जानकारी प्राप्त भइसकेपछि चाँडै नै खोप नेपाल ल्याउने उनको भनाइ छ । सरकारले बुस्टर डोजका लागि मात्र प्रयोग हुने फाइजर खोप ल्याउन थालेको हो । औषधि व्यवस्था विभागले बुस्टर डोजका लागि मात्र प्रयोग गरिने भएकाले 'आकस्मिक अनुमति प्रयोग' पत्र दिएपछि खोप शाखाले कोभ्याक्सलाई पत्र पठाएको हो । विभागका प्रवक्ता सन्तोष केसीका अनुसार बुस्टर डोजका लागि मात्र प्रयोग गर्न मिल्ने भएकाले परिवार कल्याण महाशाखाको खोप शाखालाई अनुमतिका लागि पत्र दिएको छ ।

'बुस्टर डोजका लागि मात्र प्रयोग गर्न मिल्ने भएकाले विभागले अनुमति दिएको हो', उनले भने, 'बुस्टर डोजका लागि ल्याउन थालेको खोप नियमित खोपभन्दा फरक भएकाले अनुमति दिनुपरेको हो ।'

छिमेकी मुलुक भारत र चीनमा वि एफ ७ नामक प्रजातिको नयाँ भेरियन्ट फैलिन थालेपछि मन्त्रालयले बुस्टर खोप लगाउन छुटेका सबैलाई खोप लगाउन आग्रह गरेको छ । यस्तै मन्त्रालयले संक्रमणबाट जोगिन अनिवार्य मास्क प्रयोग गर्न, भौतिक दूरी कायम गर्न, साबुन पानीले हात धुन वा सेनिटाइजर नियमित प्रयोग गर्नसमेत आग्रह गरेको छ ।

यसैबीच पछिल्लो २४ घण्टामा देशभर थप ४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । सोही अवधीमा थप २ जना निको भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रबार जारी गरेको विवरण अनुसार २४ घण्टामा थप ८८१ जनाको नमुना परीक्षण गर्दा ४ जनामा संक्रमण पुष्टि भएको हो । त्यस्तै, देशभर सक्रिय संक्रमितको संख्या २९ पुगेको छ ।

नाकामा उच्च सतर्कता भारतमा पछिल्लो कोरोना भाइरसको संक्रमणदर बढेसँगै सोको रोकथामका लागि वीरगञ्ज नाकामा उच्च सतर्कता अपनाउन थालिएको छ ।

भारतमा कोभिड संक्रमित दैनिक बढिरहेकाले त्यहाँबाट वीरगञ्ज प्रवेश गर्ने यात्रुलाई अनिवार्य जाँच गरेर मात्रै भित्र्याउन थालिएको हो । कोरोना भाइरसको संक्रमण छिमेकी देशमा फैलिरहेको र त्यसलाई भित्रिन नदिन उच्च सतर्कता अपनाउनुपर्ने देखिएकाले मुख्य नाकामा रहेको हेल्थ डेस्कको सेवा प्रवाह थालिएको छ ।

हेल्थ डेस्कमा आवश्यक स्वास्थ्य उपकरण, मास्क, स्यानिटाइजरलगायतका सामग्रीको कुनै कमी हुन नदिने गरी चुस्त राख्न वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले स्वास्थ्यकर्मीलाई निर्देशनसमेत दिए । कोभिड संक्रमण फैलन नदिन सबैले सतर्कता अपनाउनुपर्ने देखिएकाले महानगरले आवश्यक आन्तरिक तयारी गर्न प्रवेशद्वारमा रहेको हेल्थ डेस्कको अनुगमन गरिएको महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले बताए ।

अहिले दैनिक एक जनाको एन्टिजेन परीक्षण हुनाका साथै दुई सय जनाको स्क्रिनिङ गर्ने काम गरिरहेको हेल्थ डेस्कका चिकित्सक डा.अनिसा साहको भनाइ छ । नेपालीको तापक्रम स्क्रिनिङ गर्ने गरिएको र विदेशीलाई भने एन्टिजेन नै परीक्षण गरेर पठाउने गरिएको हेल्थ डा.साहले बताइन् ।

यसैबीच जिल्ला प्रशासन कार्यालय कैलालीले पनि सीमानाकामा चेकजाँचलाई कडाईका साथ अघि बढाउन निर्देशन दिएको छ । छिमेकी राष्ट्र भारत तथा चिनमा कोभिडको नयाँ भेरियन्टको संक्रमण बढ्न थालेपछि सीमानाकाबाट आवत-जावत गर्नेलाई अनिवार्य चेकजाँच गर्न निर्देशन दिएको हो । प्रमुख जिल्ला अधिकारी किरण थापाको अध्यक्षतामा बसेको बैठकले सीमानाकामा चेकजाँचको व्यवस्था कडाईका साथ गर्न निर्णय गरेको छ । यस्तै प्रशासनले सीमानाकामा सञ्चालित हेल्थ डेस्कलाई थप जनशक्ति, पूर्वाधार लगायतको व्यवस्थापन गर्न पनि निर्देशन दिएको छ ।

# भक्तपुरका सरकारी कार्यालयमा छड्के अभियान

**भक्तपुर/मस-** सेवाग्राहीलाई दिएको सेवा, सुविधा तथा कर्मचारीको नियमनका लागि जिल्ला प्रशासन कार्यालयले सरकारी कार्यालयको छड्के अनुगमन अभियान शुरु गरेको छ । सरकारी कार्यालयबाट पाउने सेवाका बारेमा सेवाग्राहीको गुनासो बढ्दै गएपछि कर्मचारीको नियमित उपस्थिति र सेवाग्राहीको सेवा प्रवाहलाई सहज बनाउने उदेश्यले बिहीबारदेखि कार्यालयको छड्के अनुगमन अभियान शुरु गरिएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जानकारी दिइन् । प्रशासनले प्रशासकीय अधिकृत उर्मिला खतिवडाको नेतृत्वमा बिहीबार जिल्लाका विभिन्न कार्यालयको अनुगमन गरी सरकारी कार्यालयका सेवाका बारेमा जानकारी लिएको उनले बताइन् ।

प्रजिअ शर्माले भनिन्, 'सरकारी तथा सार्वजनिक सेवा प्रवाहका क्रममा सेवाग्राहीले कुनै सास्ती भोग्न नपरोस् र सहजरुपमा सेवा प्रवाह होस् भन्ने हाम्रो उदेश्य हो, हामीले कार्यालय प्रमुखको मासिक बैठकमा पनि सेवा प्रवाह सहज बनाउन छलफल गरिरहेका हुन्छौं, यद्यपि सेवाग्राहीको गुनासो भने आइरहेकै छ, त्यसैले सरकारी कार्यालयका सेवालाई प्रभावकारी र सहज बनाउन अनुगमनको अभियान नै थालनी गरेका छौं, यसले सेवामा सुधार आउँछ भन्ने अपेक्षा लिएका छौं ।'

कार्यालयले बिहीबारदेखि शुरु गरेको छड्के अनुगमनलाई निरन्तरता दिने जनाउँदै जिल्ला प्रशासन कार्यालयमै पनि सेवाग्राहीलाई सहज व्यवस्थापन गरेको र अन्य कार्यालयमा पनि सहज सेवा प्रवाह होस् भन्ने उदेश्य रहेको उनले बताइन् ।

कार्यालयले बिहीबार यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) मध्यपुर थिमि, यातायात व्यवस्था सेवा कार्यालय सल्लाघारी, भूमि सुधार तथा मालपोत कार्यालय, नापी कार्यालय र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रलगायत सात वटा कार्यालयमा छड्के अनुगमन गरिएको उनले जानकारी दिइन् । प्रशासनको छड्के अनुगमनमा निर्धारित कार्यालय समयमा हाजिरी, पोशाक, हेल्पडेस्क, नागरिक वडापत्र, उजुरी पेटिका, पार्किङ व्यवस्थापन, सूचना अधिकारी व्यवस्था, सरसफाइ, अभिलेख व्यवस्थापन, जिन्सी निरीक्षण, सेवाग्राही प्रतिक्षालय, खानेपानीको व्यवस्थालगायतका विषयमा अनुगमन गरिएको छ ।


## मलेसियामा रोजगार

१. कम्पनी: SPN SECURITY SERVICES SDN BHD
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०२२/०९/०६ चलानी नं.: ६०१८७०४४ L.T. No.: 271059 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१९ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: PISON MOSAIC WORKS SDN BHD
शहर: Malaysia, Johor
पूर्व स्वीकृत मितिः २०७९/०४/२७ चलानी नं.: ६०१८५२३४ LT. No.:269338 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 120 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: KAYANGAN SECURITY SERVICES SDN.BHD.
शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०५/०५ चलानी नं.: ६०१८५७७५ LT. No.:269922 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 27 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २३ गते (7 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

UTSAV H.R. SOLUTION PVT. LTD.
Pingalasthan-9, Gaushala, Kathmandu, E-mail: info.utsavhrsolution@gmail.com
Mobile: 9817051856, 9806008270,9815998546,9852686077,9851171553 Tel.: 4484436
Govt. Lic. No. 1459/074/075


सिन्धुपाल्चोक डायरी
देवराज सुवेदी/मध्यान्ह

# न्यानो कपडा वितरण



मुलुकभर चिसो बढेर नागरिकहरू प्रभावित हुँदै गर्दा सिन्धुपाल्चोकको बलेफी गाउँपालिका वडा नम्बर ६ का ज्येष्ठ तथा असक्त असहाय नागरिकहरूलाई न्यानोका लागि ज्याकेट वितरण गरिएको छ । नेकपा एमाले बलेफी-६ नं वडा कमिटीको आयोजना र समाज सेवी, नेकपा एमालेका नेता भरत पराजुलीको व्यवस्थापकीय सहयोगमा वडाका ३ सय भन्दा बढी लक्षित नागरिकहरूले यो सुविधा पाएका हुन् । 'ज्येष्ठ नागरिकहरूलाई सम्मानसहित न्यानो कपडा वितरण गरिएको हो', समाजसेवी पराजुलीले भने 'उहाँहरूले सकुन्जेल हामीलाई सहयोग गर्नुभयो, उत्प्रेरणा भर्नुभयो । अब हामीले उहाँहरूलाई सहयोग गर्नुपर्छ भन्ने लागेर यो कार्यक्रम गरिएको हो ।' बलेफी -६ का ज्येष्ठ तथा अशक्त नागरिकहरूलाई खादासहित सम्मान गर्दै न्यानो ज्याकेट वितरण गरिएको हो ।

स्थानीय संघ तथा प्रदेश सभा निर्वाचनमा सहभागी मतदाताहरुलाई धन्यवादसहित ज्येष्ठ नागरिकलाई सम्मान दिने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको एमाले बलेफी-६ का वडा कमिटी अध्यक्ष तेजबहादुर पराजुलीले जानकारी दिए ।

आफूसँग पैसा भएर पनि सुविधा लिन नसक्ने अवस्था भएका र परिवारका सदस्यहरू साथमा नभएका ज्येष्ठ नागरिकहरूको अवस्थालाई मध्येनजर गर्दै यो सेवा क्षेत्रमा आफूले केही लगानी गरेको समाजसेवी भरत पराजुलीले बताए ।

नेकपा एमालेले विभिन्न लक्षित समुदायहरूका लागी यस्ता सिर्जनात्मक कामहरू गर्दै आएको र यसलाई ठाउँ अवस्था अनुसार निरन्तरता दिँदै जाने पार्टी जिल्ला कमिटीका अध्यक्ष कमल नेपालले जानकारी दिए ।

चिसोका कारण आफूहरूलाई विभिन्न स्वास्थ्य समस्या हुने गरेको ज्येष्ठ नागरिक सुनमाया तामाङले बताइन् । यो न्यानो कपडा ज्याकेटले धेरै सुविधा हुने र अब एक पटक ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गरिदिए अझ सजिलो हुने स्थानीय बाटुली वि.कको अपेक्षा छ । यस वडाको मांखास्थित कुवा पानी, भन्ज्याङ र तल्लो जालवारी लगायतका बस्तीमा ज्याकेट वितरण गरिएको छ ।

# भू-वर्गिकरण सम्बन्धी तालिम

भू-वर्गिकरण सम्बन्धी प्रवोधिकरण तथा कर्मचारी क्षमता विकास कार्यक्रम इन्द्रावती गाउँपालिकामा सञ्चालन भएको छ ।

नापि कार्यालय सिन्धुपाल्चोकका प्रमुख इन्जिनियर सुमन विक्रम पन्तले पालिकाकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि भू-वर्गिकरण र प्रवोधिकरण सम्बन्धी एक दिने तालिम प्रदान गरिएको हो । कार्यक्रममा गाउँपालिका अध्यक्ष झम्क नेपाल, उपाध्यक्ष शोभाना तामाङ, प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्मा लगायत अन्य जनप्रतिनिधि र कर्मचारीको उपस्थिति रहेको थियो ।

# एकैसाथ ६ कृति लोकार्पण




**काठमाडौं/मस–** हास्यव्यङ्ग्यकार माधव पोखरेल 'गोज्याङ्ग्रे'का एकैसाथ ६ वटा कृति लोकार्पण भएको छ ।

शुक्रबार नेपाल साहित्य पत्रकार संघको आयोजनामा युनिटी फुड क्याफे बागबजार, काठमाडौंमा एकैसाथ ६थान पुस्तक लोकार्पण भएको हो । नव सिर्जना साहित्यिक त्रैमासिकले प्रकाशन गरेको ६ थान पुस्तकमा चारथान हास्यव्यङ्ग्य निबन्ध संग्रह, एक थान कथा संग्रह र एक थान व्यङ्ग्य काव्य रहेका छन् । यसअघि हास्यव्यङ्ग्य निबन्ध संग्रह 'मुसालाई मुद्दा' प्रकाशन गरेका 'गोज्याङ्ग्रे'का यस पटक सिंहदरबारका नरसिंहहरू, भ्रष्टपति, भ्रष्टपाल र अथः नेता देवायै नमः गरी चारथान हास्यव्यङ्ग्य निबन्ध, मद्यशाला व्यङ्ग्य काव्य र अवगाल कथा संग्रह प्रकाशित भएको छ ।

## न्यायालय अवर न्यायाधीश, नरकटियागंज, प० चम्पारण

बँटवारा बाद - स० 72/2019

**कृष्ण केजरीवाल ............................ वादी**

**बनाम**

**भरत प्रसाद केजरीवाल वगैरह .........प्रतिवादीगण**

**नोटिस बनाम**

१. सुशील छपौलिया उर्फ सुशील साह, पिता- श्री गौरीशंकर छपौलीया फेन्सी रडिमेन्ड, आदर्श नगर, बीरगंज, नेपाल ।
२. गौरीशंकर छपौलिया उर्फ गौरीशंकर शाह, पिता- रंगलाल छपौलिया
३. सुनिल छपौलिया उर्फ सुनिल साह, पिता- शौरीशकर छयौलिया

दोनों हाउस नं० 204, रोड नं० 01, भोटे बहाल सेन्ट्रल महिला जेल के बगल में, काठमाँडु-11, नेपाल

आपने विरूद्ध वादी श्री कृष्ण केजरीवाल, साकिन: नरकटियगंज बाजार, पोस्ट: नरकटियागंज, थाना- शिकारपुर, जिला: प० चम्पारण, ने मेरे न्यायालय मे उपरोक्त बँटवारा खाद (Platition Soil) दाखिला किया है, जो अभी आपलोगों के उपस्थिति मे है, जिसमे आपलोगों के विरुद्ध न्यायालय द्वारा नजारत सम्मन वो डाक द्वारा निर्बधित सम्मन भेजा जा चुका है, उसके बाबजुद आपलोग न्यायालय में उपस्थित नही हुए, इसलिए इस प्रकाशन के माध्यम से आपलोगों को सुचित किया जाता है कि दिनांक 10-01-2023 समय 10:30 बजे आप स्वयं या अपने प्राधिकृत अधिवक्ता के: माध्यम से उपस्थित होकर उचित पैरवी करें अन्यथा आपलोगों के विरुद्ध एकपक्षीय कार्यवाही हो जायेगी ।

**इसे तामिल समझे ।**

आज दिनांक 01/12/2022 को मेरे हस्ताक्षर वो न्यायालय के मोहर से जारी किया गया ।

आज्ञा से,
अवर न्यायाधीश, नरकटियागंज, प. चम्पारण

## रौतामाई गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
१ नं.प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७९।०९।१६**

यस कार्यालयको मिति २०७९।०८।०१ को "***Construction of Gate and Boundary wall for Rauta-Janta campus Rajabas Stadium RRM-07, Udayapur***" सम्बन्धी ठेक्काको बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेख भएका बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल गरेको रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | २०७९। ०८०/१० | *Construction of Gate and Boundary wall for Rauta-Janta campus Rajabas Stadium RRM-07, Udayapur* | *Prachit Construction Pvt. Ltd., Udayapurgadhi-7, Udayapur* | रु.५७,४८,३९४।८३ |

**प्रमुख प्रशासकीय अधिकृत**

## Dilasaini Rural Municipality
## Office of the Rural Municipal Executive
**Dilasaini, Baitadi**
**Sudur Pashchim Province, Nepal**

**Invitation For Catalogue Shopping of Backhoe Loader**

**Notice Published For The Second Time: 2079-09-16 Bs**

Dilasaini Rural Municipality, Baitadi intends to procure Backhoe Loader listed on the table below, under the Catalogue shopping procedure as described on the public procurement Act, 2063.All the listed eligible manufacture or authorized dealers are invited to submit sealed proposal with their catalogue containing technical data, specification, price and services within 7 (Seven) days of second publication date during office hour. The manufacturers or authorized dealers must submit copy of firm registration certificate, copy of business registration certificate. copy of VAT and PAN registration certificate, copy of Tax clearance certificate / Tax return certificate for the F/Y 2078/079, self-declaration letter and their letter of manufacturers authorization along with the application. If the deadline falls on holiday the deadline will be extended next day till office hour.

| S N | Vehicle type | Description | Quantity | Remarks |
|---|---|---|---|---|
| 1 | **Backhoe loader** | *Supply and deliver of Backhoe loader* | 1.0 | As per approved Technical specification |

For any quarry and for detailed specification please visit www.dilasainimun.gov.np

**Chief Administrative Officer)**

कथा

# जून फुलेको रात

दश वर्षअगाडि रामेछापबाट राजधानी आइपुग्दा भाषा र साहित्यको क्षेत्रमा के-के न गरुँला, कहाँ न कहाँ उडुँला भन्ने चेतनराजको सपनालाई राजधानीले कहिल्यै उकेरो लाग्न दिएन । दिन परदिन उसको सपना ख्याउटिन थाल्यो । उ हात मुख जोर्ने विकल्प नै खोज्नुपर्ने अवस्थामा पुग्यो ।



■ इन्द्रकुमार श्रेष्ठ 'सरित्'

बुंगमती क्षेत्रमा निर्माणधिन संयुक्त आवास गृहहरुका प्रत्येक कार्यालयहरुमा उसले चहारेको यो दोस्रो पटक हो । तर, जति बिन्तिभाउ गरे पनि आज पनि हात लाग्यो शून्य नै । कहीं कतैबाट एउटा पनि विज्ञापनको जोहो हुन सकेन । दिनभरिको मिहिनेतस्वरूप सुका मोहरसमेत उठेन । भोक, तिर्खा र थकानले चुर भएर ऊ रत्नपार्क आउने गाडीमा चढ्यो । उसले झट्ट सम्झ्यो–बागबजारका स्टेशनरी पसलका पुनचा साहुले सानो भए पनि विज्ञापन दिन्छु भनेको थिए, हजार रूपैयाँमात्रैको विज्ञापन दिए पनि आज दिनभरिको शास्ति अलिकति त कम हुन्थ्यो कि ? आः अर्को मनले भन्यो– दिन्छु भन्ने त कति छन् कति । तर गएपछि कि त फेरि अर्कोचोटिका लागि बहाना बनाउँछन् कि त व्यस्तताको बहाना बनाउँछन् । कति निर्घिणी भएर हजुर गर्नु ? गाडीको झ्यालबाट आइरहेको चिसो हावाले चेतनराजको मन अलि शान्त भयो । उसलाई थाहा छ, उसको यो पेशामा धाउन त पर्छ पर्छ । किनकि नधाएर अर्को उपाय नै छैन । विज्ञापन बिनाको साहित्यिक पत्रिका निकाल्ने कल्पना पनि गर्न सकिँदैन । उसको लागि पद, पैसा, परिचय, प्रतिष्ठा र सम्पूर्ण उद्देश्य नै उसको साहित्यिक मासिक पत्रिका 'उज्यालो' हो । यसकै साहारामा ऊ सम्पादक भएको छ, उसको परिचय बनेको छ । मूलतः उसको घरको चूल्हो 'उज्यालो' कै कारणले बल्छ । त्यही बलेको चूल्होले उसको परिवारमा उसको, उसकी अर्धाङ्गिनी शशिकला, दुई छोराहरु रञ्जन र निरञ्जनको पेट भर्छ । साँच्चै भन्ने हो भने पैसाको महत्व अचाक्कली भएको यो राजधानी शहरमा उज्यालो त उसको परिवारको मेरुदण्ड नै हो ।

रत्नपार्कमा गाडीबाट ओर्लेर धूलो, मैलो र पुरानो देखिने स्कुले झोला बोकेर चेतनराज लखरखर बागबजार तिर लाग्यो । आज पुनचा साहु भेट भैहाले तापनि उसले विज्ञापन देला जस्तो चाहिँ उसलाई लागेको थिएन । तैपनि उसको स्टेशनरी पसलमा पुगेर नाकको डाँडीमा चश्मा मिलाउँदै र नमस्कार गर्दै उसको मन नहाँसे पनि उसले ओँठलाई चाहिँ हँसाए हँसाएजस्तो गर्‍यो । धेरै बेरसम्म त पुनचाले चेतनराजलाई पुछ्नी नै गरेन । चालीसेले छुनछुन लागेको, दुब्लो पातलो मुहारले जीवनभरि हण्डर खाएको विज्ञापन गरिरहेको मुहार बोकेको चेतनराजले नआएको खोकी निकाल्दै पसल अगाडि उभिरह्यो । तैपनि पुनचा आफ्नै सुसेधन्दामा लागेर व्यस्त भइरह्यो । अति भएपछि चेतनराजले सुस्तरी भन्यो, "लौ त पुनचा साउ म लागेँ । आज तपैं निकै बेस्त हुनुहुँदो रै'च ।"

"का, ए बाज्या, पख न । टिम्ले भनेको पैसा ट डिन सकेन । आज नाटीको पास्नी । बरु अलिकति हल्वा र पुरी खा'र जाऊ ।"

पुनचा साहुको कुरा सुनेर चेतनराजको भोको पेट बटारिएर हुलुक्क बान्ता होला झैँ भयो । ऊ केही नबोली त्यहाँबाट फटाफट डिल्लीबजारतिर लाग्यो । उसलाई कतिखेर डेरामा पुगेर खाना पनि नखाई डंग्रङ्ग ओछ्यानमा पल्टिउँझैँ भयो । भोक, तिर्खा, थकाई र ग्लानीले गर्दा सधैँ हिँड्ने यो बाटो आज उसलाई कता हो कता लामो लाग्यो । तैपनि जत्ति हिँडदा पनि बाटो छोटिएकै हैन ।

"हन ए सम्पादकज्यू, कता यतिखेर लमकलमक ?", एकजना नवोदित कविले कहाँबाट आएर हो चेतनराजको हात झ्याप्पै समात्यो । एकपटक त चेतनराज झसङ्ग भयो भने तुरुन्तै उसलाई झनक्क रिस पनि उठ्यो । के चाहिने नचाहिने मान्छे भेट भएको होला बाटबाटै, आफूलाई दिक्क लागेको बेलामा ?

तर, नवोदित कविले चेतनराजलाई ज्यान गए छाड्ने छाँट देखिएन । उसले चेतनराजलाई बलजफ्ती एक कप चिया खुवायो र चियासँगै ताई न तुईको तीन पेज लामो कविता पनि सुनायो । चेतनराजलाई भाउन्न भएर आयो ।

"लौ त कविजी, आजलाई छुट्टिउँ । फेरि भेटौंला । चियाको लागि धन्यवाद ।"

"किन भाग्न खोज्नु भा' सम्पादकज्यू, मेरो कविता कस्तो लाग्यो ? राम्रो छ ? लौन यसलाई 'उज्यालो' मा छाप्नु पर्‍यो । बरु सम्पादकज्यूलाई म यसो चिया खर्च सय पचास पनि टर्क्याउँला नि ।" चेतनराजको टाउकै फुट्लाजस्तो भयो- "हेर्नुस् कविजी, तपाईंको कविता असाध्यै उम्दा खालको छ । यसलाई उज्यालोमा हैन कि त मधुपर्क कि त गरिमामा छपाउनुस् । यस्तो स्तरीय कविता जता पायो तेतै छपाउनु हुँदैन क्याः ।"– नवोदित कविको हात झट्कार्दै चेतनराज अगाडि बढ्यो । बाटोमा चिनेको कोही नभेटिउन् भन्ने उद्देश्यले उसले राति पनि कालो मास्क लगायो । शिरमा भने सधैँझैं ढाका टोपी छँदै थियो । कसैले चिनेर फेरि रोक्ला कि भनेर उसले टोपी झोलामा कोच्यो । बाटोभरि दाँया बाँया करिब करिब ऊ दौडिरह्यो ।

डेरामा पुगेर उसले ठूलो श्वास फेर्‍यो र लुगा नै नफेरि बंगालीको ढिकी लडेझैं ओछ्यानमा डंग्रङ्ग पल्टियो । शशिकलाको सोधाईमा उसले खाना नखाने इशारा गर्‍यो । रञ्जन र निरञ्जन अघि नै सुतिसकेका रहेछन् । कतिखेर ऊ निदायो, उसैले चाल पाएन । आधारातमा ब्यूँझिदा पेटमा ढाडे बिरालो र डुहुरे मुसाको लडाईं परिरहेको रहेछ । उसलाई थक्कथक्क लाग्यो । बेलुकी थकाई र दिक्दारीले खान मन लागेन । अहिले भोक समन गर्ने उपाय के होला र ? तै शशिकलाले केही राखेकी छ कि भनेर उसले स्टोभको वरिपरि चियायो । पुरानो डबकामा शशिकलाले उसको जम्मै भाग एकै ठाउँ राखदिएकी रहिछ । उसको मनमा श्रीमतिप्रतिको माया भुलुक्क उम्लियो । श्रीमति त मैले पाएकै हो बा ! हेर त, पोइलाई राति भोक लाग्ला भनेर कस्तरी जतन गरेर मेरो भाग जस्तोको त्यस्तै राखिदिएकी रहिछ । उसलाई निदाइरहेकी श्रीमतिलाई मनमा उम्लिरहेको माया व्यक्त गरुँ कि झैं लाग्यो । फेरि सोंच्यो, आः होस् बिचरीको निद्रामात्रै खलबलिन्छ । मन्सुली चामलको अररिएको भात, मस्यौराको चिसो तरकारी र एक टुक्रा प्याज उसले स्वाद लिई लिई खायो र आफ्नो भोकक्षुधालाई मेटायो । खाइसकेपछि एउटा लामो सन्तुष्टिको डकार लिएपछि ऊ पनि श्रीमती नजिकै घुस्रिन पुग्यो । किनभने एउटा कोठाको डेरामा खाट जम्माजम्मी एउटा छ र त्यसमा पुत्रद्वय रञ्जन र निरञ्जन मस्तसँग सुनिरहेका छन् । स्टोभ नजिकै भूँइमा लाएको ओछ्यानमा ऊ पल्टेको मात्र के थियो अचानक उसलाई पेट कट्टी होलाझैं भयो । आः हैन होला । यो आधी रातमा को शौचालय गइरहन्छ ? फेरि शौचालयमा कहिल्यै पानी हुँदैन । आफैले व्यवस्था गर्नुपर्छ । उसलाई आफैसँग झर्को लाग्यो । मनमनै कामना गर्‍यो, यो आधी रातमा शौचालय जान नपरोस् । तर पेटले चेतनराजको पुकार कत्ति पनि सुनेन र उसलाई एकपटक, दुईपटक गर्दै पेटले बिहानसम्ममा छ/सात पटक शौचालय पुर्‍याइसकेको थियो । बिहानीपख शौचालय जानेको ताँती हुन थाल्यो । चेतनराजलाई लाज र डर एकैपटक लाग्यो । पेट कटक्क भएको बेलामा शौचालय जान पाइएन भने त लुगै फोहोर हुने डर हुन्छ । यदि त्यस्तो भयो भने श्रीमति र छोराहरुको अगाडि कसरी मुख देखाउनु ? एउटा शौचालयमा डेराभरिका मान्छेको लर्को हुन्छ ।

"ल उठ्नुस्, यो जीवन जल पिउनुस् । एक भाँडा स्वाट्टै पिए पनि हुन्छ । मैले अर्को प्याकेटको पनि बना'की छु । बेलैमा खानुस् भन्दा नखाने, आधारातमा उठेर चिसो भात खाएपछि पेट नदुखेर के दुख्छ त ?"–शशिकलाले लोग्नेसामु स्नेहालु माया भरिएको नक्कली रिस देखाइन् । चेतनराजले केही नबोली अलि अलि गरेर जीवन जल पिइरह्यो । जीवनजलसँगै शशिकलाले देखाएको स्नेहले ऊ तृप्त भइरह्यो ।

पेट सञ्चो भएपछि पनि चेतनराज तीन/चार दिन कतै जान सकेन । कमजोरीले ओछ्यानमा पल्टिएर बस्नुपर्दा उसको मनभने भतभती पोलिरहेको थियो । कोठाको भाडा नदिएको तीन महिना हुन लागिसक्यो । भरिसक्ये भरबेटीसँग जम्काभेट नहोस् भनेको बेलामा झन् बढी जम्काभेट भइरहन्छ । त्यस्तो बेलामा घोसेमुण्टो लाउनु वा घरबेटीको भाषण सुन्नुको अर्को बिकल्प नै हुँदैन । श्रीमतीले यसो पोतेसोते उनेर दुई/चार पैसा जोहो गर्ने प्रयत्न गर्छे । तर, महंगीले थिचेको यो शहरमा उसको मिहिनेत हात्तीको मुखमा जिरा प्रमाणित भैदिन्छ ।

दश वर्षअगाडि रामेछापबाट राजधानी आइपुग्दा भाषा र साहित्यको क्षेत्रमा के-के न गरुँला, कहाँ न कहाँ उडुँला भन्ने उसको सपनालाई राजधानीले कहिल्यै उकेरो लाग्न दिएन । दिन परदिन उसको सपना ख्याउटिन थाल्यो । तैपनि सपना फुल्ने कुनै उपाय निस्किन्छ कि भनेर ऊ आफ्नो जिल्लाको सभासदकहाँ पुग्यो । तर आवश्वासन बाहेक केही हात लागेन । उसले आफू आबद्ध पार्टीको आफूले चिनेको सबैभन्दा ठूलो नेतासामु बिन्ति बिसायो । तर, नेताको प्रतिक्रियाले उसलाई स्तब्ध बनायो ।

"खै, के सायता के गर्ने तपाईंलाई ?", नेताले अलि जंगिएजसरि भन्यो, "तपाईंमा वैचारिक स्पष्टता नै छैन भन्छन् साथीहरु । त्यसमाथि तपाईंको स्वभाव नै ढुलमुले खालको छ भन्ने सुनिन्छ । खै, वैचारिक स्पष्टता र पार्टीप्रति समर्पण नभको मान्छेका लागि केही गर्न सकिन्छ जस्तो मलाई त लाग्दैन ।"

"मलाई सहयोग गर्न नसके नगर्नुस् सर, त्यो सरको खुशी । तर मेरो वैचारिकता र मेरो निष्ठाप्रति शंका नगर्नुस् । चाएको भे' अन्तरसंघर्ष चर्केको बेलामा पल्लोघरतिर सर्दा मैले पनि ठूलै भाग भेट्नसक्थें । तर, आफूले अंगालेको विचारप्रति दृढ र निष्ठावान भएकैले म पल्लो घरमा होइन आज यहाँ छु र तपाईंसँग सहयोगको याचना गरिरहेको छु ।"

"तपाईं धेरै बोल्नुहुँदो रै'छ ।" नेताजी जंगिए ।

"म धेरै हैन साँचो बोल्छु, कमरेड । माफ पाउँ, कमरेडलाई सत्य कुरा पचेनजस्तो छ । ढुक्क हुनुस्, म यस अघि पनि सहयोग माग्न कहिँ गा'थिन र अब उप्रान्त पनि कहीँ जान्न । धन्यवाद कमरेड ! आज तपाईंले मलाई भ्रममुक्त गरिदिनु भो । नेताको आशिर्वाद प्राप्त नगर्ने र गर्न नसक्ने कुनै पनि व्यक्तिले कुनै पनि पार्टीको झोला बोक्नु बेकार र'छ ।" झोला बोकेर चेतनराज लमकलमक बाहिर लम्कियो । मस्तिष्क नै शून्य भएझैं लाग्यो चेतनराजलाई । माइक्रो बसमा बसेर उसले आफ्नो टाउको थिचिरह्यो । नेताले कार्यकर्तालाई कहिल्यै नचिन्ने । तर, त्यही पार्टीले आदर्श, सिद्धान्त र विचारको खेती गर्छु' भन्छ । उसलाई हाँस्न मन लाग्यो । उसलाई थाहा छ पत्रकार संघमा पनि उसको नाम रहन दिने छैनन् । किनभने जुन पार्टी, जुन समूह भए पनि यहाँ सम्पर्क नै बिक्दोरहेछ, चाकरी नै बिक्दो रहेछ । योग्यता, क्षमता र योगदान अमावश्याको रातमा जून हराएझैं हराउँदोरहेछ ।

> खान खाइसकेपछि शशिकलाले धन्दा सिध्याउञ्जेलमा चेतनराजले रञ्जन र निरञ्जनलाई गृहकार्य गर्न सघायो । गृहकार्य सकाएपछि दुई छोराहरु सुतेको उसले हेरिरह्यो । धन्दा सिध्याएर छेउमा बस्न आएकी शशिकलाको हात समातेर चेतनराजले भन्यो, "शशि, अब 'उज्यालो' बन्द गरेर अरु नै केही काम गर्नु परो । बेपार सेपार गर्नु परो, तिमी के भन्छ्यौ ?"



खान खाइसकेपछि शशिकलाले धन्दा सिध्याउञ्जेलमा उसले रञ्जन र निरञ्जनलाई गृहकार्य गर्न सघायो । गृहकार्य सकाएपछि दुई छोराहरु सुतेको उसले हेरिरह्यो । धन्दा सिध्याएर छेउमा बस्न आएकी शशिकलाको हात समातेर चेतनराजले भन्यो, "शशि, अब 'उज्यालो' बन्द गरेर अरु नै केही काम गर्नु परो । बेपार सेपार गर्नु परो, तिमी के भन्छ्यौ ?"

"बेपार गर्नलाई त निकै पैसा चाइन्छ नि । हामीसँग पैसा कहाँ छ र ? फेरि अचानक पेसा फेर्ने विचार काँ'ट आयो ?" शशिकलाको आँखा र मुहारका रेखाहरुमा पनि प्रश्नैप्रश्न थियो ।

"यो पेशाले नाम त देला तर, जीवनभरि अभाव बाहेक केइ नदिने भो, शशि । नेतालाई हेरेँ, पार्टीलाई पनि हेरेँ, मोर्चालाई पनि हेरेँ । सप्पै पैसा हुनेकै लागि र'छन् । चाकरी गर्नेकै र'छन् । यहाँ, योग्यता, क्षमता, योगदान केही नचाइने र'छ केवल नेताको नजीक हुन जाने पुग्ने र'छ ।", चेतनले शिर निहुराएर भन्यो ।

"अन्यथा नठान, पैसाका लागि हामीसँग अरु केही छैन । तिम्रो त्यो तिलहरि बेचेर आ'को पैसाले सानो चिया पसल खोलौंन । अलिकति थपथाप गर्नका लागि त्यही एउटा कम्प्युटर पनि बेचौं । अरु के-के बेच्दा दुई/चार पैसा आउँछ, तिमी नै विचार गर न ।"

"तेसो गर्ने र ...?", शशिकलाको आँखामा शंसय देखियो ।

'त्यसै गरौं, शशि", चेतनराजले आफ्ना कविताहरुको डायरी पुरानो ट्यान्कामा थन्काउँदै भन्यो, "जूठा भाँडा माझेर एकपेट खाँदै हाम्रा छोराहरुको भविष्य बनाउन सकिन्छ भने कम्मर कसौं, शशि । नत्र धेरै ढिलो हुन्छ ।"

"अनि पत्रकारिता.... साहित्यप्रतिको तपाईंको मोह...?" शशिकलाको गला अवरुद्ध भयो ।


"चिया फिट्दै र जूठा गिलास माझ्दै भए पनि कविता लेखुँला नै । समय र परिस्थिति अनुकुल भएछ भने पत्रकारिता पनि गरौंला । जत्ति नै अभाव खेपेर पनि विचार मर्न नदिन त्यही पार्टीलाई भोट हालौंला । तर, अहिले भोक नजिती नहुने युद्ध बनेर हाम्रो अगाडि उभिएको छ, शशि !"

चेतनराजको कुराले शशिकलाको घाँटीमा केही अडकिएझैं असजिलो भयो । आँखामा पानी भरिएर आँखाले धमिलो धमिलो देख्न थाल्यो । धेरैबेरसम्म दुबैजना मौन रहिरहे । कसोकसो चेतनराजलाई आफू हल्का भएको अनुभूति भयो । उसले शशिकलाको हात समातेर भन्यो, "शशि, ऊ हेर त, जून निस्केछ । बाहिर कत्ति शित्तल छ आउन ।"

आज शशिकलालाई चेतनराजको हाउभाउ कसो कसो अनौठो लाग्यो तर, रमाइलो पनि लाग्यो । मुसुक्क मुस्कुराउदै उनी पनि जून हेर्न बाहिर निस्किइन् ।

कविता

## आदिवासी !



– मंगलेश डबराल

इन्द्रावती, गोदावरी, शबरी
स्वर्णरेखा, टिस्टा, बराक र कोयल
नदी मात्र नभएर
उसका बाजागाजा पनि हुन्
मुरिया, बैगा, सन्थाल, मुण्डा
उराव, डोङ्गरिया कोन्ध र पहाडिया
केवल नाम मात्र होइनन्
ती राग विरागहरू पनि हुन्
जसलाई ऊ
प्राचीन समयदेखि गाउँदै आएको छ ।
अनि यो अटव्य जङ्गल
उसको अध्यात्म नभएर घर हो ।
केही समय अघिसम्म
ऊ आफ्नो तस्विरमा
एउटा विस्तारित तथा उन्मुक्त हाँसो हाँस्दथ्यो
उसको शरीर
नृत्यका भङ्गिमाहरूमा अडिन्थ्यो
एक जना युवक र एक जना युवती
यसरी एक अर्कोलाई हेर्दथे कि
जीवनभर यसै गरी एकले अर्कोलाई
हेरिरहलान् जस्तो लाग्दथ्यो ।
युवतीको कपालमा
एउटा फूल सिउरिएको हुन्थ्यो
र, युवाको टाउकोमा एउटा बाँसुरी बाँधिएको हुन्थ्यो
जुन बाँसुरी आफैँ बजिरहेजस्तो लाग्दथ्यो ।
अहिले क्षितिजमा
पटक-पटक उसको कालो शरीर देखिन्छ
ऊ कहिले उदास तथा कहिले डराएको देखिन्छ
उसको वरिपरि पात बिनाका सिक्रा रुखहरू छन्
अनि घाँस बिनाको माटो छ
यो कुरा स्पष्ट छ कि -
ऊसँग केही खोसिएको छ
उसलाई आफ्नो जंगलबाट टाढा लगिँदै छ
आफ्ना फलाम, कोइला र अभ्रखभन्दा टाढा
घाँसे भिरालोमा तातेका चट्टान भएतिर
सात सय वर्ष पुरानो आठ हरसूदबाट
एउटा नयाँ र जंगली हरसूदतिर
पानीले भरिएको आठ टिहरीबाट
पानी सुकिसकेको टिहरीतिर
ऊ क्यामरातिर रिसाएर हेर्छ
अनि आफ्नो आक्रोशको एउटा आदिम गीत गाउँछ ।
उसले कुनै जुक्तिले
एउटा बाँसुरी र एउटा नरसिंहा जोगाएको छ
एउटा फूल, एउटा मादल
र एउटा धनुष बचाएको छ
समाचार पत्रका रिपोर्टहरूले भन्दछन्-
जो मानिसहरू ऊमाथि शासन गर्दछन्
ती, देशका ६२६ जिल्लामध्ये २३० जिल्लामा छन्
जहाँ उसलाई
मानिसलाई जस्तो वास्ता नै गरिन्न ।
उनीहरूको हेराईमा ऊ
उनीहरूको पैतालामुनि थिचिएको
एउटा नयाँ सुनको चरो मात्र देखिन्छ ।
ऊ आफ्ना बाजागाजालाई बोलाउँछ
आफ्ना नदीहरू, स्थानहरू, नामहरू
आफ्ना कोइला, फलाम र अभ्रखलाई बोलाउँछ
आफ्ना मादल, नसिंहा र बाँसुरीहरू
जोड जोडले बजाउन थाल्छ
त्यसपछि, जो मानिसले ऊमाथि शासन गर्दछन्
ती तुरुन्तै बन्दुक बोकेर आउँछन् ।

*-अनुवादः बलराम तिमल्सिना*

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | शिक्षासम्बन्धी कार्यमा रूकावट आउँछ । अनावश्यक खर्च हुने देखिन्छ । |
| वृष | : | स्वास्थ्य लाभ तथा पराक्रममा वृद्धिको योग छ । |
| मिथुन | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ । |
| कर्कट | : | सन्तुलित आहार लिनुहोला, किनकि पेटसम्बन्धी समस्याको योग छ । |
| सिंह | : | आर्थिक कार्यमा अनुकूल प्रगति हुन्छ । सन्तान सुख प्राप्त हुन्छ । |
| कन्या | : | खर्चमाथि नियन्त्रण राख्नुस् । धार्मिक कार्यमा सहभागिता बढ्छ । |
| तुला | : | जग्गा खरिद हुने योग छ । व्यापारिक प्रगति राम्रो हुन्छ । |
| वृश्चिक | : | राजनीतिक कार्य सफल हुन्छ । नयाँ काम बन्ने छ । |
| धनु | : | सम्पर्कमा वृद्धि हुनेछ । शिक्षामा लाभ हुने देखिन्छ । |
| मकर | : | राजनैतिक कार्यमा रूकावट आउँछ । पारिवारिक कार्य सफल हुनेछ । |
| कुम्भ | : | वाणी संयम् राख्नुहोला । जोखिम लिनु हुँदैन । |
| मीन | : | साहसी कार्य सफल हुनेछ । पारिवारिक कार्य सफल हुनेछ। |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# दुई दशकमा करिब १७ सय पत्रकारको हत्या




**काठमाडौं/एजेन्सी–** विगत २० वर्षमा विश्वभर करिब एक हजार ७०० पत्रकार मारिएका 'रिपोर्टर्स् विदाउट बोर्डर्स (आरएसएफ)' ले प्रकाशित गरेको एक अध्ययन रिपोर्टले देखाएको छ । सन् २००३ देखि २०२२ सम्मका दुई दशक 'विशेषगरी सूचनाको अधिकारको सेवामा लागेकाहरूका लागि घातक दशक' भएको पेरिसस्थित मिडिया अधिकारकर्मीहरूले बताएका छन् ।

आरएसएफका महासचिव क्रिस्टोफ डेलोयरले भने, 'तथ्यांकका पछाडि आफ्नो जीवनको मूल्य चुकाएका, सूचना संकलन, सत्यको खोजी र पत्रकारिताप्रतिको उनीहरूको ती व्यक्तिहरूको अनुहार रहेको छ ।' आरएसएफका आसार इराक र सिरिया पत्रकारका रुपमा काम गर्नका लागि सबैभन्दा खतरनाक देश भएको र पछिल्लो २० वर्षमा कुल ५७८ जना पत्रकार मारिएका छन् । यो विश्वभर विगत दुई दशकमा मारिएका कूल पत्रकारको एक तिहाइभन्दा बढी हो ।

त्यसपछि मेक्सिकोमा १२५, फिलिपिन्समा १०७, पाकिस्तानमा ९३, अफगानिस्तानमा ८१ र सोमालियामा ७८ पत्रकारको मृत्यु भएको छ ।

सिरियामा भएको युद्धका कारण यो दुई दशकभित्र पनि सन् २०१२ र २०१३ मा सबैभन्दा धेरै पत्रकार मारिएका थिए । त्यसैले यो वर्षलाई 'सबैभन्दा अँध्यारो वर्ष'का रूपमा हेर्ने गरिएको छ । सन् २०१२ मा १४४ र त्यसको एक वर्षपछि १४२ जनाको हत्या भएको प्रतिवेदनमा उल्लेख छ ।

यो रेकर्डको 'क्रमिक गिरावट पछि र सन् २०१९ पछि पत्रकारको हत्यामा उच्च कमी देखिएको थियो । तर सन् २०२२ मा युक्रेनमा भएको युद्धका कारण मृत्यु हुनेको संख्या फेरि बढेको छ । सन् २०२१ मा ५१ जना पत्रकारको हत्या भएकोमा यस वर्ष अहिलेसम्म ५८ जना पत्रकारको हत्या भएको छ ।

गत फेब्रुअरीमा रूसले युक्रेनमा आक्रमण गरेयता आठ जना पत्रकारको हत्या भइसकेको छ । अघिल्लो १९ वर्षमा भएको कूल १२ पत्रकारको हत्यासँग तुलना गर्दा यो अत्यधिक संख्या र जोखिमयुक्त वर्ष हो । विगत २० वर्षमा २५ जना पत्रकारको हत्या भइसकेको रुसपछि युक्रेन अहिले सञ्चारमाध्यमका लागि युरोपको सबैभन्दा जोखिमयुक्त मुलुक हो ।

राष्ट्रपति भ्लादिमिर पुटिनले सत्ता सम्हालेदेखि रुसमा प्रेस स्वतन्त्रतामाथि व्यवस्थित र घातक आक्रमणहरू भएका आरएसएफको हरेक वर्षको रिपोर्टमा उल्लेख हुँदै आएको छ । यसमा अन्ना पोलिट्कोभस्कायाको ७ अक्टोबर २००६ मा भएको हत्या पनि समावेश रहेको छ, अधिकारवादी समूहले भनेको छ ।

सन् २०१५ मा पेरिसबाट प्रकाशित हुने व्यंग्यात्मक साप्ताहिक पत्रिका चार्ली हेब्दोमा भएको नरसंहारका कारण टर्की तेस्रो सबैभन्दा खतरनाक स्थानमा परेको थियो भने फ्रान्स दोस्रो स्थानमा रहेको थियो । पत्रकारहरूले सशस्त्र द्वन्द्व भएका क्षेत्रहरूमा विश्वव्यापी रूपमा सबैभन्दा बढी जोखिम उठाएका छन् ।

आरएसएफको रिपोर्टमा भनिएको छ, 'आधिकारिक रूपमा कुनै युद्ध नभएका देशहरू पत्रकारहरूका लागि सुरक्षित छैनन् र तीमध्ये केही हत्या भएका देशहरूको सूचीको शीर्षस्थानमा छन् । वास्तवमा, विगत दुई दशकमा 'युद्धग्रस्त क्षेत्र' मा भन्दा शान्ति क्षेत्र भनिएका स्थानमा धेरै पत्रकारहरू मारिएका छन् । अधिकांश घटनाहरूमा उनीहरू सङ्गठित अपराध र भ्रष्टाचारको अनुसन्धान गरिरहेका समय मारिएका देखिन्छ ।'

अमेरिकी राज्यहरूमा मेक्सिको, ब्राजिल, कोलम्बिया र होन्डुरसमा भएका पत्रकारको हत्यामध्ये आधाजसो अमेरिकामा भएको छ । आरएसएफले भनेको छ, 'अमेरिका सञ्चारमाध्यमका लागि विश्वको सबैभन्दा जोखिमयुक्त महादेश बनेको छ ।'

# करिब ५७ लाख श्रीलंकालीलाई मानवीय सहायता आवश्यक



**काठमाडौं/एजेन्सी–** श्रीलंकाका करिब ५७ लाख नागरिकलाई मानवीय सहायताको खाँचो परेको बताइएको छ । रेडक्रसको अन्तर्राष्ट्रिय संस्था, आइसिआरसीले सो कुराको जानकारी दिएको हो । उक्त संस्थाका अनुसार श्रीलंकाका करिब ५७ लाख मानिस मानवीय सहायताको खाँचोमा रहेका छन् ।

हालैका केही महिनायता श्रीलंकाले जटिल आर्थिक समस्याको सामना गरिरहेको छ । यहाँका कतिपय नागरिकलाई दैनिक आधारभूत आवश्यकताको नै खाँचो पर्दै गएको देखिएको पनि सो संस्थाले हालै मात्र सार्वजनिक गरेको एक प्रतिवेदनमा देखिएको छ । पछिल्लो समयमा श्रीलंका मुद्रास्फिती, वैदेशिक मुद्राको अभाव झेल्नुपरेको छ । जसका कारण यहाँको आर्थिक अवस्था निकै कमजोर हुँदै गएको छ ।

यहाँ आर्थिक समस्यासँगै कृषि उत्पादनमा पनि कमी आएकाले खाद्यान्न असुरक्षाको अवस्था पनि देखिएको छ । खाद्य असुरक्षाका कारण नै यहाँका नागरिकलाई विशेषगरी मानवीय सहायता आवश्यक परेको पाइएको सो प्रतिवेदनमा उल्लेख गरिएको छ ।

मल बीऊको अभावमा यहाँ स्वदेशी कृषि उपज पनि आवश्यक मात्रामा उत्पादन हुन नसकेको र स्वदेशी खाद्यान्नबा राष्ट्रिय स्तरमा हुने मागको पूर्ति हुन नसकेको बताइएको छ ।

श्रीलंकामा आर्थिक समस्यासँगै कृषिमा पनि समस्या उत्पन्न भएको छ । किसानले समयमै मल र बीऊ पाउन नसकेकाले यस्तो आवस्था आएको बताइएको छ । यहाँका करिब ४९ लाख नागरिकले खाद्य असुरक्षाको समस्या भोग्नुपरेको बताइएको छ । यसरी यहाँको जनसंख्याको करिब २२ प्रतिशत जनसंख्या खाद्य असुरक्षाको समस्यामा परेको पनि सो प्रतिवेदनमा जनाइएको छ ।

# सुकीलाई थप सात वर्ष जेल सजाय



**काठमाडौं/एजेन्सी–** म्यान्मारको सैनिक सरकारप्रति बफादार अदालतले अपदस्थ नेतृ आङ सान सुकीलाई थप सात बर्षको जेल सजाय सुनाइएको छ । यससँगै गैरकानुनी रूपमा वाकी-टकी आयात गरेको, कोभिड-१९ को नियम उल्लंघन गरेको र आधिकारिक गोपनीयता ऐनको उल्लंघन गरेको अभियोगमा दोषी ठहर गरिएकी उनलाई सबै गरी ३३ वर्षको जेल सजाय तोकिएको छ ।

सन् २०२१ को फेब्रुअरीमा भएको 'कू' पछि ७७ वर्षीय नोबेल पुरस्कार विजेता सुकीलाई हिरासतमा राख्दै आएको छ । यसले म्यानमारको छोटो लोकतान्त्रिक प्रयोगको अन्त्य गरेको भन्दै म्यानमारमा अहिले पनि व्यापक विरोध प्रदर्शन भइरहेको छ ।

केही महिनाअघि उनको नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) पार्टीले राष्ट्रव्यापी निर्वाचन जितेको थियो र उनी देशको वास्तविक नेताको रूपमा अर्को पाँच वर्षको कार्यकालको लागि तयारी गरिरेकी छन् ।

स्वाधीनताका नायककी छोरीसमेत रहेकी सुकीले पूर्व सैनिक शासनकालमा करिब दुई दशक नजरबन्दमा बिताएकी थिइन् ।

गत शुक्रबार सैनिक सरकारको पूर्ण नियनत्रण रहेको एक अदालतले सुकीलाई भ्रष्टाचारको अभियोगमा सात वर्षको जेल सजाय सुनाएको थियो, जुन गैरकानुनी रूपमा वाकी-टकी आयात गरेको, कोभिड-१९ को नियम उल्लंघन गरेको र आधिकारिक गोपनीयता ऐनको उल्लंघन गरेको अभियोगमा दोषी ठहर गरिएको थियो ।

म्यान्मारमा सुकी निकै लोकप्रिय भए पनि रोहिंग्या संकटसँग जुध्न उनको सरकारले गरेको व्यवहारले विदेशमा उनको विरासतमा गहिरो दाग लागेको थियो ।

सन् २०१७ मा सेनाले गरेको दमनका कारण करिब सात लाख ५० हजार रोहिंग्या अल्पसंख्यक समुदायका सदस्यहरू आफ्नो जलिरहेको गाउँबाट भागेर छिमेकी देश बंगलादेशमा जान बाध्य भएका थिए ।

म्यानमारमा प्रजातन्त्रका लागि लडिरहेका धेरैका लागि अब क्रान्ति राजनीति र अर्थतन्त्रमा सेनाको प्रभुत्वलाई स्थायी रूपमा जरैदेखि उखेलेर फाल्न सुकीले दशकौंअघि गरेको आन्दोलनभन्दा बाहिर जानुपर्छ ।

सुकीको जन्म सन् १९४५ जुन १९ मा दोस्रो विश्वयुद्धको अन्तिम हप्तामा जापानको कब्जामा रहेको याङ्गुनमा भएको थियो ।

उनका पिता आङ सानले सन् १९४८ मा आफ्नो देशलाई स्वतन्त्रताप्राप्त गर्ने सबैभन्दा राम्रो अवसर प्रदान गर्न बेलायती र जापानी उपनिवेशवादी दुवैको पक्ष र विपक्षमा लडेका थिए ।

सुकीले आफ्नो प्रारम्भिक जीवनको अधिकांश समय म्यान्मार बाहिर बिताएकी थिइन् । शुरूमा आमा भारतको राजदूत रहँदा भारत र पछि उनले अक्सफोर्ड विश्वविद्यालयमा अध्ययनका शिलशिलामा बिताएकी थिइन् । बेलायतमा रहँदा उनको आफ्ना बेलायती पतिलाई भेटेकी थिइन् ।

सन् १९६२ मा जनरल ने विनले पूर्ण सत्ता कब्जा गरेपछि उनले आफ्नो समाजवादी अभ्यासलाई म्यानमारमा लागु गरेकी थिइन्, तर कुनै समय एसियाको चामलको भकारीको उपाधिले चिनिने विश्वको सबैभन्दा गरिब र सबैभन्दा पृथक देशमा परिणत बनेको छ ।

सन् १९८८ मा आफ्नी मृत आमालाई स्याहारसुसार गर्न स्वदेश फर्केपछि सुकी प्रजातन्त्रको जननीका रूपमा सम्मानित हुन पुगेकी थिइन् । उनको नेतृत्वमा सन् १९९० को दशकमा केही समयपछि सेनाको अधिनायकवादी शासनको विरोधमा भएको प्रदर्शनलाई दमन गर्दा कम्तीमा तीन हजार व्यक्तिको मृत्यु भएको थियो । यो रक्तपात सुकीका लागि जनताका लागि संघर्ष गर्ने उत्प्रेरणा बनेको थियो ।

सन् १९९० को निर्वाचनमा एनएलडीलाई भारी मतले जिताउनुअघि एक चमत्कारिक वक्ता रहेकी ४३ वर्षीया उनले प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरिरहेकी थिइन् ।

सेनापतिहरू सत्ता छोड्न तयार थिएनन् । मतदानको परिणामलाई बेवास्ता गर्दै उनीहरूले सुकीलाई उनको याङ्गुनस्थित घरमा सीमित गरे, जहाँ उनी अर्को २० वर्षमध्ये करिब १५ वर्ष बिताएकी थिइन् । सन् १९९१ मा हिरासतमा रहँदा उनलाई नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो ।

जुन्ता प्रशासनले स्थायी रूपमा देश छोडेमा कुनै पनि बेला उनको कैद अन्त्य गर्ने प्रस्ताव गरेको थियो, तर सुकीले त्यसलाई अस्वीकार गर्दै आफुलाई देशप्रति नै समर्पित गर्ने प्रण गरेकी थिइन् ।

# भारतीय प्रधानमन्त्री मोदीलाई मातृ शोक

**काठमाडौं/एजेन्सी–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीकी आमा हिराबेनको एक सय वर्षको उमेरमा निधन भएको छ । बुधवार, हीराबेनको स्वास्थ्य अवस्था बिग्रिएपछि अहमदाबादको यूएन मेहता अस्पतालमा भर्ना गरिएको थियो ।

प्रधानमन्त्री मोदीले आफ्नी आमाको निधनमा ट्विट गरेका छन्, 'भगवानको चरणमा गौरवमय शताब्दी...। मैले सधैं आमामा त्रिमूर्ति महसूस गरेको छु, जसमा एक तपस्वीको यात्रा, नि:स्वार्थ कर्मयोगीको प्रतीक र मूल्यमान्यताको मूर्त रूप । प्रतिबद्ध जीवन निहित छ ।'

सयौं जन्मदिनमा आफूलाई आमाले बुद्धिमानीपूर्वक काम गर्न र पवित्रताका साथ जीवन बिताउन भनेको आफूले अहिले स्मरण गरिरहेको मोदीले बताएका छन् ।


## कुवेतमा रोजगार | कम्पनी: AL-SAIF UNITED FOR GENERAL TRADING & CONTRACTING COMPANY शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०४/१९ चलानी नं.: ६०१८४५३६ L.T. No.: 268749 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper Worker | 60 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४३,१५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber | 10 | 0 | | 140 | ६०,४२० | | | | | | | |
| 3. | Carpenter | 10 | 0 | | 140 | ६०,४२० | | | | | | | |
| 4. | Mason | 10 | 0 | | 140 | ६०,४२० | | | | | | | |
| 5. | Sign Writer | 10 | 0 | | 150 | ६४,७३६ | | | | | | | |
| 6. | Light Driver | 5 | 0 | | 290 | १२५,१५५ | | | | | | | |
| 7. | Aluminum Fitter | 5 | 0 | | 160 | ६९,०५१ | | | | | | | |
| 8. | Foreman | 5 | 0 | | 290 | १२५,१५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १० देखि १४ गते (24 to 28 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

यसै कम्पनीको लागि Ac Mechanic Or Hand Writing, Duct Fitter, A/C Technician (split), A/C Technician (Central), A/C Technician (Chiller),को पनि माग भएको आएकोले जान इच्छुक व्यक्तिले नि:शुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Samridhha Human Resources Pvt. Ltd.
Hattigaunda-08, Kathmandu, Tel: 01-4371370, 4371369, 9813033715
9851315449, Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com
Gov. Lic No. 1045/073/074

## मलेसियामा रोजगार | कम्पनी: ADVANCE CHICKENPROCESSING (M) SDN BHD शहर: Malaysia, PERLIS

पूर्व स्वीकृत मिति: २०७९/०९/१४ चलानी नं.: ६०१९४१२३ LT. No.: 278472

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २३ गते (7 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

सदिक्षा ओभरसिज प्रा. लि.
सामाखुसी टाउन प्लानिङ्ग (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल , फ्याक्स : ४३८६५२५ । फोन: ४३८०१८१, ४३८८२००, ४३८६५२५
Mob:- 9801130592/ 9851332383/ 9851332382/ 9851332384/ 9851332385
Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np
श्रम इजाजत पत्र नं. ७६९/०६५/०६६

## Saudi मा रोजगार Gas Arabian Services Co. Ltd.

पूर्व स्वीकृती मिति: २०७९/०९/१२ चलानी नं. ६०१९४१२४ LT.No. 278352

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Worker | 20 | काममा दक्ष | 1000 | ३५,१४७।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | रु १०,०००/- |

अन्तरवार्ता २०७९ पुष २४ गते (8 Jan, 2023) यस प्रा. लि. को कार्यालय चण्डोल, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

क्राउन ईम्प्लोइमेन्ट कन्सल्टेन्ट प्रा. लि.
श्रम ईजाजत न.: २३५/०५८/५९
चण्डोल, चप्पल कारखाना, काठमाडौं, फोन : ०१-४५२६५६६
Drop your CVS : hr@crown.com.np

## साउदीमा रोजगारको अवसर | कम्पनी: Diyar Food Company for Serving Meals शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०९/१४ चलानी नं.: ६०१९४११९ LT. No.: 278623

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 7 | 0 | स. काममा दक्ष | 1300 | ४५,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २३ गते (7 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

सुगम ओभरसिज प्रा. लि.
SUGAM OVERSEAS PVT. LTD.
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm
इजाजत पत्र नं. ८३८/०६६/०६७

## साउदीमा रोजगार | कम्पनी: YUSUF ALI AL YAMI EST FOR TECHNICAL SERVICES शहर: DAMMAM

पुर्व स्वीकृत मिति: २०७९/०९/१२ चलानी नं.:६०१९३८६४ LT. No.: 278254

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 3 | 0 | स. काममा दक्ष | 1400 | ४९,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २३ गते (7 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- |

पिरामिड इन्टरनेशनल इम्प्लाइमेन्ट सर्भिस (प्रा.) लि.
महाराजगंज, चप्पल कारखाना, लोशाल, काठमाडौं नेपाल, फोन: ०१-४०१७१०७, ४०१७१४१, ४०१७०६३
फ्याक्स: ४०१७०८६, Email: pyramidinter1995@gmail.com / Web: www.pyramidmanpower.com
श्रम इजाजत नं. ०५४/०५१/०५२

## ROMANIA मा रोजगार | १. कम्पनी: WISE FACILITY MANAGEMENT SRL शहर: ROMANIA

पूर्व स्वीकृत मिति: २०७९/९/०७ चलानी नं.: ६०१९३६७३ LT. No.: 277903

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७७,४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Factory Worker | 45 | 0 | | 550 | ७७,४१८ | | | | | | | |
| 3. | General Worker | 50 | 0 | | 550 | ७७,४१८ | | | | | | | |
| 4. | Kitchen Helper | 15 | 0 | | 550 | ७७,४१८ | | | | | | | |
| 5. | Kitchen Helper | 5 | 0 | | 550 | ७७,४१८ | | | | | | | |

२. कम्पनी: INTERNATIONAL WORK FINDER शहर: ROMANIA

पूर्व स्वीकृत मिति: २०७९/९/०७ चलानी नं.: ६०१९३९०३ LT. No.: 277904

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७७,४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 650 | ९१,४९४ | | | | | | | |
| 3. | Cook Helper | 15 | 0 | | 550 | ७७,४१८ | | | | | | | |
| 4. | Factory Worker | 20 | 0 | | 550 | ७७,४१८ | | | | | | | |
| 5. | General Worker | 40 | 0 | | 550 | ७७,४१८ | | | | | | | |
| 6. | Waiter | 10 | 0 | | 550 | ७७,४१८ | | | | | | | |

३. कम्पनी: WORK INN LOCATIONS SRL शहर: ROMANIA

पूर्व स्वीकृत मिति: २०७९/९/०७ चलानी नं.: ६०१९३९०४ LT. No.: 277905

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 40 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७७,४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Factory Worker | 40 | 0 | | 550 | ७७,४१८ | | | | | | | |
| 3. | General Worker | 40 | 0 | | 550 | ७७,४१८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २३ (7 January 2023) गते हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

आवर डेस्टिनी इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.
दोस्रो तल्ला, ई-ब्लक, काठमाडौं बिजनेस पार्क टेकु, काठमाडौं
फोन नं. ४१०४५९७, ४१०४५७४

# नयाँ लगानी रोकेर अल्पकालीन सापटी चुक्ता गर्दै बैंकहरु




**काठमाडौं/रासस –** बैंक तथा वित्तीय संस्थाले बजारमा नयाँ लगानी रोकेर भए पनि राष्ट्र बैंकको सापटी भुक्तानी गरेका छन्। राष्ट्र बैंकबाट स्थायी तरलता सुविधा (एसएलएफ) उपयोग गरेका त्यस्ता संस्थाले पछिल्लो समय यस्तो सापटी सुविधालाई शून्य नजिक पुऱ्याएका हुन्। गत असार मसान्तमा बैंकहरुले उपयोग गरेको एसएलएफ सुविधा एक खर्ब ४८ अर्ब बराबर थियो। राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठका अनुसार अहिले यो आकार दुई अर्बमा झरेको छ।

राष्ट्र बैंकको खुला बजार कारोबारसम्बन्धी विनियमावलीमा भएको संशोधनका कारण यस्तो उपयोग घटेको उनको भनाइ छ। राष्ट्र बैंकले यही पुस १ गतेदेखि लागू हुने गरी उक्त विनियमावली संशोधन गर्दै एसएलएफ सुविधाको सीमालाई १० गुणाभन्दा धेरै संकुचित बनाएको थियो। नयाँ व्यवस्थाअनुसार बैंकहरुले अघिल्लो हप्ता कायम रहेको निक्षेपको बढीमा एक प्रतिशतसम्मको तरलता मात्रै तोकिएको बैंकदरमा उपयोग गर्न सक्छन्।

झण्डै ५२ खर्बका आधारमा बैंक तथा वित्तीय संस्थाले अहिले बढीमा ५२ अर्बसम्म मात्रै पाउने अवस्था छ। त्योभन्दा बढी तरलताका लागि बजारको प्रतिस्पर्धी बजारअनुसार ब्याज तिर्नुपर्छ। यसका लागि राष्ट्र बैंकले दीर्घकालीन रिपो तथा निक्षेप उपकरणको प्रयोग गर्ने नीति बनाएको छ। संशोधित नियमावली लागू हुनुअघि बैंकहरुले सरकारी सुरक्षणपत्रको ९० प्रतिशतसम्म स्थायी तरलता सुविधा पाउँदै आएका थिए। विनियमावली लागू गरेर बैंकलाई स्थायी तरलता सुविधालाई अत्यावश्यक औजारका रुपमा मात्रै उपयोग गराउन खोजेको कार्यकारी निर्देशक श्रेष्ठ बताउँछन्।

'पहिले राष्ट्र बैंकले जति पनि एसएलएफ दिने भएकाले बैंकहरुले यसलाई सामान्य वित्तीय औजारका रुपमा उपयोग गर्थे', उनले भने, 'विनियमावली संशोधनपछि अत्यावश्यक अवस्थामा मात्रै उपयोग गर्ने गरी स्पेस राखेका छन्। भोलिका दिनमा तरलताको समस्या आजभन्दा बढ्न सक्छ, त्यस्तो भयो भने उपयोग गर्नुपर्छ भनेर अहिले उपयोग नगरेको देखिन्छ।' नेपाल बैंकर्स संघको तथ्यांकअनुसार पुसभित्रमा वाणिज्य बैंकहरुले ५७ अर्ब निक्षेप विस्तार र संकलन गर्दा थप दुई अर्ब कर्जा बढाएका थिए। त्यस्तै पुस पहिलो साता २० अर्ब निक्षेप बढ्दा कर्जा लगानी एक अर्बले मात्रै वृद्धि भएको थियो। यो रकम बैंकहरुले एसएलएफ तथा पुनरकर्जाको भुक्तानीका लागि उपयोग नगरेको देखिन्छ।

असारदेखि हालसम्म बैंकहरुले झण्डै ६५ अर्ब पुनरकर्जा भुक्तानी गरेका छन्। असार मसान्तसम्म एक खर्ब १२ अर्ब रहेको पुनरकर्जाको आकारलाई पुस पहिलो सातासम्म आइपुग्दा बैंकहरुले ४७ अर्बमा झारेका छन्। अघिल्लो वर्ष लिइएको उक्त पुनरकर्जा सुविधाको समयावधि एक वर्ष हुने गर्छ। यसमध्ये धेरैजसो पुनरकर्जाको अवधि यही पुसभित्र सकिँदैछ। यस वर्ष राष्ट्र बैंकले पुनरकर्जाका लागि आवेदन नखुलाएपछि बैंकहरुले सबै रकम फिर्ता गर्नुपर्ने अवस्था छ। त्यस कारण पनि बैंकहरुले बजारमा थप लगानी नगरेर आन्तरिक ट्रेजरीलाई सुधार गर्ने नीति लिएका छन्।

# प्रभु लाइफद्वारा बीमित परिवारलाई २० लाख रुपैयाँ दाबी भुक्तानी




**काठमाडौं/मस –** प्रभु लाइफ इन्स्योरेन्सले बीमित परिवारलाई २० लाख रुपैयाँ बराबरको दाबी भुक्तानी गरेको छ। कम्पनीले असोज २८ गते मृत्यु भएका बीमित गणेश विश्वकर्माका परिवारलाई २० लाखको चेक हस्तान्तरण गरेको हो। प्रभु लाइफका प्रदेश १ प्रमुख पुष्कर भट्टराई र धरान शाखा प्रमुख सन्तोष राईले मृतकका श्रीमती सन्तमाया मगर र निजका बुबा धन बहादुर मगरलाई उक्त चेक हस्तान्तरण गरेका हुन्।

२०७८ पुस २८ गते प्रभु लाइफमा २० लाख बीमांक रकमको जीवन बीमा गरेका गणेश विश्वकर्माको यही असोज २८ गते मृत्यु भएको थियो। उनले पहिलो प्रिमियम स्वरुप १ लाख ३६ हजार ६५४ रकम मात्र बीमाशुल्क बुझाएका थिए भने दोस्रो किस्ता रकम (बीमा शुल्क) बुझाउने समय अगावै उनको मृत्यु भएको हो।

प्रभु लाइफका प्रदेश १ प्रमुख पुष्कर भट्टराईले जीवन बीमालाई विश्वसनीय बनाउन दाबी भुक्तानीलाई सरल, सहज र चुस्तरुपमा गरिने कम्पनीको नीति रहेको प्रष्ट पारे। जीवन बीमाले बीमित परिवारलाई यस किसिमका अकल्पनीय घटनाबाट आइपर्ने आर्थिक जोखिम बहन गर्ने बताए। जसले बीमित परिवारलाई आफ्नो जीवनयापनमा केही मात्रामा सहजता आउने विश्वास रहेको भट्टराईले बताए। दाबी भुक्तानी कार्यक्रममा धरान शाखामा कार्यरत सिनियर एजेन्सी मेनेजर, एजेन्सी मेनेजर, अभिकर्ता र स्थानीयहरुको सहभागिता रहेको थियो।

# राष्ट्रिय सहकारी बैंकको साधारण सभा आज हुँदै



**काठमाडौं/मस -** राष्ट्रिय सहकारी बैंक लिमिटेडको इकाइ स्तरमा हुने १९औं वार्षिक साधारण सभा शनिबार (आज) हुँदैछ। साधारण सभामा देशभरबाट १५,७२७ सहकारी संघ/संस्थाका प्रतिनिधिहरु सहभागी हुने बैंकले जनाएको छ। जसअनुसार सभामा प्रदेश नम्बर-१, मा २,५५२, मधेश प्रदेशमा २०३९, बागमतीमा ६,५०७, गण्डकी प्रदेशमा १,५३५, कर्णालीमा ७४८ र सुदूरपश्चिम प्रदेशमा ५०४ सहकारीका प्रतिनिधिहरु सहभागी हुने छन्।

पुस १६ हुने प्रदेश स्तरको ईकाइहरूमा साधारण सभा र पुस १८ गते एकाइ बैठकका प्रतिनिधिहरूले निर्णय प्रमाणित गर्ने कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको बैंकले जनाएको छ। साधारण सभा सात वटै प्रदेशहरूमा एकै दिन सहकारीका प्रतिनिधिहरूको भौतिक उपस्थितिमा हुने बैंकका अध्यक्ष केबी उप्रेतीले जानकारी दिए। गत वर्षको साधारणसभाहरु इकाइगत रूपमा छुट्टा-छुट्टै मितिमा हुने गरेको भन्दै यो पटक एकै दिन गर्न लागेको भन्दै धेरै भन्दा धेरै प्रतिनिधिहरूको सहभागिता रहने बताए।

१९औं वार्षिक साधारण सभा पुस १६ गते प्रदेश नम्बर-१, को सम्पूर्ण जिल्लाहरूको लागि अतिथि सदन विराटनगर मोरङमा, मधेस प्रदेशका सम्पूर्ण जिल्लाहरूको लागि धर्म संस्था व्याहुत कलवार चौरासी जनकपुरमा, बागमती प्रदेशको सम्पूर्ण जिल्लाहरूको लागि स्काई दरबार बैंकेक सिंहदरबार काठमाडौंमा, गण्डकी प्रदेशका सम्पूर्ण जिल्लाहरूको पोखरा सभागृहमा, लुम्बिनी प्रदेशका सम्पूर्ण जिल्लाहरूको दरबार लन रुपन्देहीमा, कर्णाली प्रदेशका सम्पूर्ण जिल्लाहरूको शुभ होटेल सुर्खेतमा र सुदूरपश्चिम प्रदेशका सम्पूर्ण जिल्लाहरूको ओम प्यालेस धनगढीमा बिहान ८ बजेदेखि हुने भनिएको छ।

साधारण सभाबाट आगामी ४ वर्षे कार्यकालको लागि नयाँ सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति चयन हुने छन्। बैंकको १५ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति हुने व्यवस्था छ। खुला सञ्चालक ४, सञ्चालक समिति प्रदेश सदस्य कर्णाली प्रदेशबाट १, लेखा सुपरिवेक्षण समिति खुला १ र लेखा सुपरिवेक्षण समिति महिला १ बाहेक अन्यमा निर्विरोध भैसकेको छ।

खुला सञ्चालक ४ मा १६ जनाको उम्मेदवारी परेको छ। लेखा सुपरिवेक्षण समिति खुला १ मा ४ जनाको उम्मेदवारी परेको छ भने लेखा सुपरिवेक्षण समिति महिला १ मा २ जनाको उम्मेदवारी परेको छ। त्यस्तै सञ्चालक समिति प्रदेश सदस्य कर्णाली प्रदेश १ मा २ जनाको उम्मेदवारी परेको छ। यी पदमा भोली निर्वाचन हुँदैछ। सातवटै प्रदेशमा हुने निर्वाचनमा विद्युतीय मतदान हुँदैछ। विद्युतीय मतदान भएका कारण आवश्यक उम्मेदवार सबैलाई मतदान गर्नुपर्ने बैंकका अध्यक्ष उप्रेतीले जानकारी दिए। उदाहरणको लागि ४ खुला सञ्चालकमा मतदान हुँदैछ। ४ वटै सञ्चालनमा मतदान गरेपछि मात्रै अर्को पदको लागि विकल्प खुला हुन्छ।

# खल्तीबाट आइएमई लाइफ प्रिमियम भुक्तानीमा क्यासब्याक

**काठमाडौं/मस –** 'खल्ती' ले आइएमई लाइफ इन्स्योरेन्सको प्रयोगकर्ताका लागि बीमा प्रिमियम 'खल्ती'बाट भुक्तानी गर्ने अफर उपलब्ध गराएको छ। यस अफर अन्तर्गत प्रयोगकर्ताले प्रिमियम भुक्तानीमा १ हजारसम्मको क्यासब्याक प्राप्त गर्नेछन्।

यो सुविधामार्फत आइएमई लाइफ इन्स्योरेन्सको प्रयोगकर्ताले नेपालभरि जहाँबाट पनि सजिलै खल्तीबाट प्रिमियम भुक्तानी गर्न सक्नेछन्। यस सेवाकाबारे थप बोल्दै 'खल्ती'का प्रमुख कार्यकारी अधिकृत बिनय खड्काले भने, 'हाम्रा प्रयोगकर्ताले डिजिटल बानीलाई बसाल्न यस प्रकारको कुनै पनि वित्तीय लेनदेनहरु निर्वाध रुपमा कार्यान्वयन गर्न सक्ने सुनिश्चित गर्न हामी निरन्तर काम गरिरहेका छौँ। यसले उनीहरुले समय र पैसा दुवै बचत गर्न सक्ने हामी विश्वास राख्दछौँ।'

प्रयोगकर्ताले भुक्तानी गरेपछि १ हजारको बोनस तुरुन्तै पाउनेछन्। तर, प्रयोगकर्ताले तोकिएको मितिभन्दा अघि वा तोकिएको मितिपछिको ७ दिनभित्र प्रिमियम तिर्दामात्रै बोनस प्राप्त हुनेछ। यसका साथै खल्तीले अर्को ठूलो अफर ल्याएको छ। जसअन्तर्गत खल्तीमा लिंक गरिएको बैंक खातामार्फत भुक्तानी गर्ने कुनै ४५ भाग्यशाली प्रयोगकर्ताले ३२ इन्चको टीभी जित्ने सम्भावना रहेको छ। आइएमई लाइफ इन्स्योरेन्सको प्रिमियम भुक्तानी गर्ने प्रयोगकर्ताले लिंक गरिएको बैंकबाट भुक्तानी गरी यो अफरमा सहभागी जनाउन सक्ने कम्पनीले जनाएको छ।


**माइग्रेशन सर्टिफिकेट हराएको सूचना**

मिति २०७८/०८/२८ गते ठुलीभेरि न.पा., माझफाल घर देखि सदरमुकाम दुनै जाने क्रममा मेरो निम्न विवरण भएको माइग्रेशन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध छ।

नामः रेखामान बुढा
रजिष्ट्रेसन नं.: ७५६२०३०७८
सिम्बल नं: २६२००२१५
सम्पर्क नं.: ९८६८९८४७७२



**साउदीमा रोजगार |** कम्पनीः MUNIRA MOHAMMED AL FAHD CONTRACTING EST
शहरः AL-DALAM

पुर्व स्वीकृत मितिः २०७९/०९/१५ चलानी नं.: ६०१९४१२६ L.T. No.:278564

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fuel Station Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २३ गते (7 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com



**शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी**

कम्पनी : AJWAA EST शहरः AMMAN
पूर्व स्वीकृत मितिः २०७८/०२/२६ चलानी नं.: ६०१५८६१९ LT. No.: 250052 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Home Maid (Female) | 0 | 31 | स. काममा दक्ष | 300 | ३९,६५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुष २३ गते (7 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

नोट : भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिबार्य लिनु पर्ने। खाना, बस्न सहित तालिम निःशुल्क हुने र शुन्य लागत (Zero cost) मा जान पाईने।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**युरो क्रस ईन्टरनेशनल प्रा.लि.**
श्रम इजाजत नं. ९९५/०६८/०६९ एयरपोर्ट, काठमाडौं, नेपाल, फोन नंः ४५८५८८३

यस मेनपावर कार्यालयको माथि उल्लेखित विज्ञापन मिति २०७९/९/१५ गते प्रकाशित हुनुपर्नेमा भुलवस प्रकाशित गर्न छुटेकोले यसै सूचनालाई आधार मानी प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।



**साउदीमा रोजगारको अवसर |** कम्पनीः ABDULWAHAB M. AL MOALLAM SONS CO. (L.L.C)
शहरः Dammam

पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४११२ LT. No.: 278595

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaning Worker | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Public Car Driver | 2 | 0 | | 1800 | ६३,२७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २४ गते (8 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. ५२३/०६१/०६२
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३९०७६३, फ्याक्सः ४३८१११७ मो. 9810201278, 9801001144 डाईरेक्ट नं. ४३८५४९९
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com



**साउदीमा रोजगार |** १. कम्पनी : NAS MANPOWER SOLUTIONS CO...
शहरः Saudi

पुर्व स्वीकृत मितिः २०७९/०६/२६ चलानी नं.: ६०१८९०४० L.T. No.: 273619 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 15 | 0 | स. काममा दक्ष | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : TARFAH MUHAMMAD SULEIMAN AL RAKYAN CAR MAINTENANE CENTER शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७९/०९/१५ चलानी नं.: ६०१९४१३० L.T. No.: 275178

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २३ गते (7 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ रु.१०,०००।- क.नं. २ निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**INNOVATIVE HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.**
श्रम इजाजत नं. ८१५/०६६/०६७
Kupondole, Lalitpur, Tel.: Tel : 01-5180193, 01 5430829, 9851065591
9851243720 | Fax: 01-5530829, Email: innovative815@gmail.com



**Malaysia मा रोजगार |** १. कम्पनी : TOK CINDAI FORCE SDN.BHD.
शहरः KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४११४ LT. No.: 278490

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २३ गते (7 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**कोशी ईन्टरनेशनल सर्भिसेज् प्रा. लि.**
श्रम इजाजत नं. ४९८/०६१/०६२
फुर्तिमान मार्ग, विशालनगर- ४, काठमाडौं, नेपाल, फोनः ४४२३६०३, ४४२३६०४



**मलेशियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : DUOPHARMA MANUFACTURING (BANGI) SDN.BHD. शहरः Sealangor
पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४१२९ LT. No.: 278393

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता म्यानपावर कार्यालय काठमाडौंमा २०७९ पुष २३ गते (7 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**प्यासिफिक ओभरसिज कन्सल्ट प्रा. लि.**
श्रम इजाजत नं. २९६/०५८/०५९
महाराजगंज-४, चक्रपथ, काठमाडौं, फोनः ४७२०२५४, ९८४९६६१२११, ९८५१३२८९८३ ९७४१७४३६३४,
Email: info@pacificoverseas.org, pacificoverseas777@gmail.com, Web : www.pacificoverseas.org



**साइप्रसमा वैदेशिक रोजगारको अवसर**

कम्पनीः POWERSTAFF PRIVATE EMPLOYMENT AGENCY शहरः Cyprus,Nicosia
पूर्व स्वीकृत मिति : २०७९/०७/०६ चलानी नं.: ६०१८९९२६ LT. No.: 274248 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 12 | स. काममा दक्ष | 314 | ४४,१९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ पुस २३ गते (7 January 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Sundar Nepal Overseas Pvt. Ltd.**
Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal Email: Sundarnpo@gmail.com/ Tel. 01-4478460
Mobile: 9851170602

# रहेनन् महान् फुटबलर पेले



**काठमाडौं/एजेन्सी-** तीन पटकको विश्वकप विजेता ब्राजिलका फुटबल खेलाडी पेलेको बिहीबार राति ८२ वर्षको उमेरमा निधन भएको छ । साओ पाउलोस्थित अल्बर्ट आइन्स्टाइन अस्पतालले एक विज्ञप्ति जारी गर्दै क्यान्सरसँग लामो संघर्षपछि उहाँको मृत्यु 'मल्टिपल अर्गन फेलियर' का कारण भएको जनाएको छ ।

'हामी तिमीलाई असीम प्रेम गरिरहनेछौँ,' पेलेकी छोरी केली नासिमेन्टोले इन्स्टाग्राममा लेखेकी छन् । उनको पूर्व टोलीका साथीहरूदेखि वर्तमान् फुटबल स्टारहरूसम्मले उहाँको निधनप्रति दुःख व्यक्त गर्दै उहाँप्रति श्रद्धासुमन व्यक्त गरेका छन् ।

पेलेले लामो व्यावसायिक जीवनको दौडान फुटबल खेललाई नै रूपान्तरण गरेका थिए । ब्राजिलका स्टार नेयमारले पेलेप्रति सम्मान व्यक्त गर्दै 'फुटबललाई कलामा परिणत गरेको' बताएका छन् । फ्रान्सका केलियन एमबाप्पेले उनको विरासतलाई 'कहिल्यै नबिर्सने' बताएका छन् । पोर्चुगलका क्रिस्टियानो रोनाल्डोले उनलाई 'लाखौंका लागि प्रेरणा' भनेका छन् । अर्जेन्टिनाका विश्वकप विजेता कप्तान लियोनल मेस्सीले सामाजिक सञ्जालमा उनको आत्मको शान्तिका लागि प्रार्थना गरेका छन् ।

ब्राजिलका राष्ट्रपति जायर बोल्सोनारोले महान् फुटबलरको निधनपछि तीन दिनको राष्ट्रिय शोकको घोषणा गरेका छन् भने नवनिर्वाचित राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले ट्वीट गर्दै पेलेले राष्ट्रका लागि सन् १९५८, १९६२ र १९७० मा तीन पटक विश्वकप जिताएको स्मरण गर्दै उनीप्रति श्रद्धा व्यक्त गरेका छन् ।

मृगौलाको समस्या र कोलोन क्यान्सरसँग जुधिरहेका उनको स्वास्थ्य अवस्था नाजुक बन्दै गएपछि सन् २०२१ को सेप्टेम्बरमा उनको शल्यक्रिया गरिएको थियो भने त्यसपछि केमोथेरापी गरिँदै आएको थियो । पेलेको पूर्व क्लबकाअनुसार सोमबार क्रिश्चियन परम्परा अनुसार वेक हुनेछ र त्यसपछि मंगलबार दक्षिणपूर्वी शहर सान्तोसमा अन्त्येष्टि हुनेछ । पेलेले आफ्नो क्यारियरको अधिकांश समय सान्तोसमा खेलेर बिताएका थिए ।

महान् फुटबलर पेलेका समर्थकहरूले फूलहरू चढाउन सान्तोसस्थित रंगशालामा भेला भएका छन् भने शहरमा सात दिनको शोकको घोषणा गरिएको छ । उनी तीन पटक विश्वकप फुटबल उपाधि जित्न सफल एक मात्र खेलाडी थिए ।

गत नोभेम्बर महिनामा अस्पतालबाट बोल्दै उनले आफ्ना प्रशंसक र दीर्घायुका लागि ईश्वरलाई धन्यवाद दिएका थिए । उनको जन्म सन् १९४० मा दक्षिणपूर्वी ब्रजिलमा एउटा गरिब परिवारमा भएको थियो । तर उनले आफ्नो प्रतिभा र अद्भूत क्षमताका कारण फुटबल जगत्मा अमर रहने छन् ।

# सुर्य नेपाल इस्टर्न ओपन : शुक्र राईको टोलीले जित्यो प्रो-एमको उपाधि




**धरान/मस-** धरानस्थित पार-७० धरान गल्फ क्लबमा शुक्रबार सम्पन्न सुर्य नेपाल इस्टर्न ओपनमा प्रो-एमको उपाधि प्रो शुक्रबहादुर राईको टोलीले जितेको छ । प्रो शुक्रबहादुर राईले एमेच्योर काजी थापमादेन, कर्णबहादुर थापा र कवि थापासँग मिलेर १७१ अंक जोड्दै ट्रफी जितेका हुन् । प्रो शुक्रले ४०, एमेच्योर काजीले ४७, कर्णले ४३ र कविले ४१ अंक जोडे ।

दोस्रो स्थानका लागि सविन सापकोटा (३७) र एमेच्योर अर्जुन सुनवर (३९), एसपी भीम दाहाल (३९) र गजेन्द्र लिम्बु (३८) को टोलीले जम्मा १५३ अंक जोडेको छ । प्रो सञ्जय लामा (३७) र एमेच्योर सुयश प्याकुरेल (३८), भरत तामाङ (३८) र रविन राई (३८) १५१ अंक जोडेर तेस्रो भए । उत्कृष्ट महिला स्कोरको अवार्ड सुमित्रा लिम्बुले ३८ अंकसहित हात पारिन् । बद्री राईले सबैभन्दा लामो ड्राइभ र राजेश राईले सबैभन्दा नजिकको पिन अवार्ड पाए ।

स्टेबलफोर्ड फुल ह्यान्डिक्याप ढाँचामा खेलिएको प्रो-एम इभेन्टका १४ खेलमा ६७ खेलाडीले भाग लिएका थिए । शीर्ष प्रो स्कोरर विजेता टोलीका लागि शीर्ष तीन एमेच्योरहरूसँग स्वचालित रूपमा टोली बनाइयो । त्यसैगरी चौथो, पाँचौं र छैटौं एमेच्योर स्कोररलाई उपविजेता टोलीको लागि दोस्रो उत्कृष्ट व्यावसायिक स्कोरर र सातौं, आठौं र नवौं स्थानमा रहेका एमेच्योर हरूलाई दोस्रो रनरअप टोलीको लागि तेस्रो उत्कृष्ट व्यावसायिक स्कोररसँग जोडिएको थियो ।

## नेपाल टी-२० लिग
# लुम्बिनीको लगातार पाँचौं जित



**काठमाडौं/मस-** राजधानीमा जारी रहेको पहिलो संस्करणको नेपाल टी-२० लिगमा लुम्बिनी अल स्टारले काठमाडौं नाईट्सलाई लजास्पद रुपमा पराजित गरी लगातार पाचौं जित कात पारेको छ । लुम्बिनीले काठमाडौंलाई ३५ रनले पराजित गरेको छ ।

टियु मैदानमा लुम्बिनीले दिएको १ सय ५१ रनको लक्ष्य काठमाडौंले २० ओभरमा ८ विकेट गुमाएर १ सय १५ रन मात्र बनायो । काठमाडौंका लागि अजमतुल्लाह उमरजाईले ३८ रनको सवार्धिक ठूलो ईनिङ खेले । सुनाम गौतमले १८ रन बनाउँदा एलेक्स ब्लेकले ११ रन बनाए ।

काठमाडौंका लागि लोकेश बम आपुले सामना गरेको पहिलो बलमा नै आउट हुँदा कप्तान ज्ञानेन्द्र मल्ल तथा विरनदिप सिंह डग आउट भए । कमलसिंह ऐरीले अविजित १९ रन बनाए । लुम्बिनीका लागि हरमित सिंहले ३ तथा किशोर महतो,श्याड्ली भान,तिलक भण्डारी र ह्यारी टेक्टरले समान १/१ विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको लुम्बिनीले २० ओभरमा ८ विकेट गुमाएर १ सय ५० रन बनायो । लुम्बिनीका लागि कप्तान दीपेन्द्र सिंह ऐरीले २७ बलमा ४० रनको ईनिङ खेले । लाहिरु मिलन्थाले २५ तथा स्याड्ली भानले २१ रन बनाए । कुशल भुर्तेलले १९ रन बनाए ।

अनिल शाह १३ रनमा आउट हुँदा हरमित सिंहले १२ बनाए । काठमाडौंका लागि अजमतुल्लाह उमरजाईले २ तथा अभिनाश बोहोरा, एलेक्स ब्लेक, सुनाम गौतम र अनिल खरेलले समान १-१ विकेट लिए ।

यस्तै शुक्रबार नै भएको अर्को खेलमा पोखरा एभेन्जर्सले पहिलो जित हात पारेको छ । पहिलो जित हात पार्ने क्रममा पोखराले फार वेस्ट युनाईटेडलाई ३ विकेटले पराजित गरेको हो ।

टियु मैदानमा १ सय ८० रनको लक्ष्य पोखराले १९.३ ओभरमा ७ विकेट गुमाएर पुरा गर्यो । पोखरालाई पहिलो जित दिलाउने क्रममा आसिफ शेखले सर्वाधिक ४५ रन बनाए । कुशल मल्लले ४० तथा सुमित महर्जनले ३८ रन बनाए । सिद्धान्त लोहनी २३ तथा अमिर हम्जा १२ रनमा आउट भए । फार वेस्टका लागि उमेर अलि,करण केसी र प्रकाह जैशीले समान २/२ विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको फार वेस्टले २० ओभरमा ९ विकेट गुमाएर १ सय ८७ रन बनायो । फार वेस्टका लागि उमर अलिले २२ रन बनाउँदा देव खनालले ३३ रन बनाए । रशिद खानले ३२ रन बनाए ।

हसिम अंसारी र भिम सार्कीले १७/१७ रन तथा करण केसीले अविजित १२ रन बनाए । पोखराका लागि जाहिर खानले ३ तथा तुल बहादुर थापा र अमिर हम्जाले समान २/२ विकेट लिए । कुशल मल्ल र आरिफ शेखले समान १/१ विकेट लिए ।

डबल राउण्डमा हुने यस लिगमा ३४ खेल हुनेछ । यस लिगको विजेताले ५५ लाख पाउने जनाएको छ । यस्तै उपविजेताले ३० लाख नगद पुरस्कार प्राप्त गर्दा तेस्रो हुनले १० लाख र चौंथोले ५ लाख पाउने छ ।

त्यस्तै प्लेयर अफ द सिरिजले ५ लाख प्राप्त गर्दा उत्कृष्ट बलर र उत्कृष्ट ब्याटरले २ लाख ५० हजार पाउने छन् । इमर्जिङ प्लेयरले १ लाख ८० हजार पाउने छ । प्रतियोगिताको हरेक दिन दुई खेल हुनेछ । पहिलो संस्करणको लिगमा ६ टोलीको सहभागिता रहेको छ ।

यस लिगमा काठमाडौं नाइट, पोखरा एभेन्जर्स, फार वेस्ट युनाईटेड, जनकपुर रोयल्स, विराटनगर सुपर किंग्स र लुम्बिनी अल स्टार रहेका छन् ।

# पुलिसलाई हराउँदै चर्च ब्वाइज क्वाटरफाइनलमा



**काठमाडौं/मस-** ए डिभिजन लिगमा डेब्यु गर्ने तयारीमा रहेको चर्च ब्वाइज युनाइटेडले २२ औं संस्करणको आहा ! रारा पोखरा गोल्डकपको क्वाटरफाइनलमा स्थान पक्का गरेको छ । लिगको तयारीका लागि भन्दै स्टार खेलाडीहरु भित्र्याएको चर्च ब्वाइजले मोफसलको नकआउट प्रतियोगितामा विभागीय क्लब नेपाल पुलिसलाई २-१ गोल अन्तरले हराउँदै क्वाटरफाइनलमा स्थान पक्का गरेको हो ।

चर्च ब्वाईजलाई जिताउनका लागि यसै सिजन क्लबमा अनुबन्ध भएका अञ्जन विष्ट र अनन्त तामाङले एक एक गोल गरेका थिए । विभागीय क्लबलले शुरुवाती अग्रता लिए पनि जोगाउन असफल रह्यो । २५ औं मिनेटम रवी पासवानले गोल गर्दै पुलिसलाई सुरुआती अग्रता दिलाएका थिए ।

दोस्रो हाफमा पनि पुलिसले नै खेललाई नियन्त्रणमा राखे पनि ७७ औं मिनेटमा चर्च ब्वाईजले बराबरी गोल गरेको थियो ।


## राहदानी हरायो

मिति २०७९/०९/१३ गते गौशाला देखि चक्रपथ सम्म जाँदा हेभन ओभरसिज प्रा.लि.को साउदीको आईडी होल्डरबाट निम्न ब्यहोराको भिषा लागेको राहदानी हराएकोले पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध गर्दछौं ।

**नामः बाल किशोर सहानी मलाह**
**ठेगानाः सर्लाही**
**राहदानी नं.: ०७६००३०२**
**सम्पर्क नं. : ९८४३५९७७०९/९८४१४५९६६८**



## कतारमा रोजगार | कम्पनी: FAST DELIVERY शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०२/१३ चलानी नं.: ६०१७९९१२ LT. No.: 263686 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 70 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric | 4 | 0 | | 1300 | ४७,०२१ | | | | | | | |
| 3. | Patch Worker | 1 | 0 | | 1300 | ४७,०२१ | | | | | | | |

अन्तर्वार्ता बुटवलको मेरिगोल्ड होटेलमा २०७९ पुष २५ गते (9 January 2023) मा हुनेछ ।
अन्तर्वार्ता पोखराको जनप्रिय थकाली भान्सा घरमा २०७९ पुष २४ गते (8 January 2023) मा हुनेछ ।
अन्तर्वार्ता इटहरीको त्रिस्ना होटेलमा २०७९ पुष २३ गते (7 January 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २३ गते (7 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Contact: 01-4112559, 4112586
9815476362, 9846973112, 9819311718, 9808837335, 9810412951, 9824954796, 9842141392, 9861822691, 9827380591, 9842058081, 9856035560, 9824114907, 9809484874, 9825739661, 9841506020
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np



## साउदीमा रोजगार | कम्पनी : AL ZAHRAA AL BAYDA PLASTIC HOLDING COMPANY शहर : Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः २०७९/०८/०७ चलानी नं.: ६०१९१८२० LT. No.: 276266 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 3 | 0 | स. काममा दक्ष | 1500 | ५२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: Azza Jazi Bin Abdul Rahman Al-Zahrani Buffet for Fast Food (Azza Jazi Al-Zahrani Buffet For Fast Fo शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७९/०९/०४ चलानी नं.: ६०१९३४९४ L.T. No.: 277909 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Worker | 1 | 0 | | 1200 | ४२,१८० | | | | | | | |
| 3. | Coffee and Tea Maker and More | 1 | 0 | | 1200 | ४२,१८० | | | | | | | |

३. कम्पनी : AL SHERAA GENTS TAILORING शहर : Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०७९/०९/१५ चलानी नं.: ६०१९४१२२ LT. No.: 278542

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २३ गते (7 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.**
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,



## यूएईमा रोजगार | कम्पनी: ROYAL D H S SECURITY GUARD SERVICES L.L.C. शहर : UAE

पूर्व स्वीकृत मितिः २०७८/०९/२१ चलानी नं.: ६०१७२०९४ LT. No.: 255673

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 40 | 0 | स. काममा दक्ष | 1200 | ४३,१८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २३ गते (7 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT. LTD.**
Govt. Lic. No. 1440/074/075
Tokha-10, Kathmandu, Tel.: 01-5906717, 9849112323, 9818235169
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com
website: www.aimsrecruitment.com



## साउदीमा रोजगार | कम्पनी: RAWASI NORTH FOUNDATION FOR MAINTENANCE AND CLEANING शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०७९/०९/०४ चलानी नं.: ६०१९३५५० LT. No.: 277917 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping | 90 | 0 | स. काममा दक्ष | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: RAWASI NORTH FOUNDATION FOR MAINTENANCE AND CLEANING शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०७९/०९/०६ चलानी नं.: ६०१९३६६५ LT. No.: 277918 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping | 45 | 0 | स. काममा दक्ष | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता रोज पार्टी प्यालेस, कालिकानगर, बुटवलमा २०७९ पुस २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ०९९/०५३/००५४
पि.ओ.बक्सः ३२११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक),फ्याक्सः ४४६६९५५,
Email: cv.annapurna@gmail.com, Url: www.annapurnaservices.com
फोनः ४४६६७३३, ४४८५७३० | Mobile: 9821913015 / 9847302248
Right People For Right Job At The Right Time



## कतारमा रोजगार | कम्पनी : RAMCO TRADING AND CONTRACTING CO. W.L.L. शहर: DOHA

पूर्व स्वीकृत मिति : २०७९/०९/१४ चलानी नं.: ६०१९४११८ L.T. No.: 278541

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | painter | 19 | 0 | | 1200 | ४३,४०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २३ गते (7 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**BLUE LINK PLACEMENT SOLUTION PVT.LTD**
श्रम इजाजत नं. १५४७/०७८/०७९
एयरपोर्ट, काठमाडौं, नेपाल, फोन:०१–५९१३२२५, ५९१३२२६
E-mail: admin@bluelinkplacement.com | www:bluelinkplacement.com



## UAE मा रोजगारको अवसर | १. कम्पनी : KHADAMAT CO. L.L.C. शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४११३ L.T. No.: 278446

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 50 | | 1100 | ३९,५८९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुस २३ गते (7 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Eurosia Human Resourse Pvt. Ltd.**
Govt. Lic. No. 1191/073/074
Samakhusi- 3, Gongabu, Kathmandu, Nepal, Tel: 014380243
Mob: 9851064740 , 9851071905, 9851237357
E-mail : eurosiahumanresource@gmail.com,ehr1191@gmail.com Web : www.eurosiahr.com.np

# बक्स अफिस समाचार

# ‘संगीतमा नै जीवनको खुशी पाउँछु’

■ सरगम राई, गायक

नेपाली सुगम संगीतमा अग्रसर बहुमुखी प्रतिभाका धनी सरगम राई एक गीतकार, संगीतकार र गायकको रूपमा कलाकारिता क्षेत्रमा परिचित एक कलाकार हुन् । ‘तिम्रो रूपै’ गीतमा शब्द संगीत गरेर नेपाली सुगम संगीतमा प्रवेश गरेका उनी पछिल्लो समय गायनमा निकै व्यस्त रहेका छन् । ‘पाति चडाउँला’, ‘खुशी साटौं जुनी काटौं’, ‘माया गाढा छ’ लगायत करिब १ दर्जन गीतमा शब्द तथा संगीत र आधा दर्जन गीतमा उनले आफनो स्वर भरेका छन् । कर्मथलो बेलायत बनाएका सरगम राईले प्रवासमा रहेर सक्रियरूपमा लागिपरेका छन् । अनु शाह र सविन श्रेष्ठको अभिनयमा रहेको खुशी साटौं अत्याधिक रूपमा दर्शक तथा स्रोताले मन पराएको कारणले यस पटकको गीतमा समावेश गरेको उनले बताए । नेशनल आर्टिष्ट अवार्ड, हिमालय इन्टरनेशनल अवार्ड, टप मोडल अवार्डमा उनी गायक तथा संगीतकार र रचनाकारको रूपमा पुरस्कृत भएका छन् । उनै गीतकार संगीतकार तथा गायक **सरगम राई**सँग मध्यान्हकर्मी **लक्ष्मण पोखरेल**ले गरेको कुराकानीको सम्पादित अंश :





> संगीत प्रकृति हो, जहाँ जीवन छ, आनन्द, सुख, प्रेम, खुशी र शान्ति छ । त्यसको अतिरिक्त, संगीत सयम ज्ञान अनि विज्ञान भएको हुनाले संगीत सिकेर नसकिने एउटा विषय हो अर्थात संगीतको कुनै अन्त्य छैन ।

**गीत संगीतको क्षेत्रको यात्रा कहिले र कसरी शुभारम्भ गर्नुभयो ?**

सानैदेखि गीत संगीतमा झुकाव राख्थें, विद्यालयस्तरमा हुने हरेक कार्यक्रममा भाग लिन्थें । गाउँघरमा आयोजना गरिने विवाह, भोज लगायतका विभिन्न चाडपर्व विशेषमा आफनो रुचीको कलाकारितालाई अगाडि बढाउँथें । साथीहरु, परिवार र विद्यालयका शिक्षक शिक्षिकाको कारणले नै मलाई कलाकारितामा आउनका लागि हौसला मिल्यो ।

**प्रेरणाका स्रोत के हो ?**

मेरो संगीतमा प्रेरणाको स्रोत भनेको मेरो अभिभावक तथा शिक्षक शिक्षिकाहरु हुनुहुन्छ । उहाँहरुले मलाई कलाकारितामा लाग्नका लागि हौसला र प्रेरणा दिनुभयो । उहाँहरुको प्रेरणा र हौसलााको कारणले नै म आज यो स्थानमा रहेको छु ।

**संगीत के हो ?**

संगीत प्रकृति हो, जहाँ जीवन छ, आनन्द, सुख, प्रेम, खुशी र शान्ति छ । त्यसको अतिरिक्त, संगीत सयम ज्ञान अनि विज्ञान भएको हुनाले संगीत सिकेर नसकिने एउटा विषय हो अर्थात संगीतको कुनै अन्त्य छैन ।

**“प्रेम” तपाईंको परिभासामा के हो ?**

प्रेम मानवताको भाव हो । जहाँ प्रेम छ, त्यहाँ मानवता हुन्छ । जहाँ मानवता हुन्छ, त्यहाँ शान्ति हुन्छ । अनि जहाँ शान्ति हुन्छ, त्यहाँ सुख र समृद्धि हुन्छ । जब जब हामी मानव- मानवबीच प्रेम हराउँदै जान्छ, तब हामीबीच रिस, डाहा, इर्स्या, अहमता, क्रुरता, र बैरीभाव बढ्दै जान्छ, जसको फलस्वरुप मानव इतिहासमा अक्सर हत्या, हिंसा, लडाईं-झगडा, र ठुला-ठुला विश्व युद्धहरु घट्ने गर्दछन् । त्यसैले मेरो सबैलाई विनम्र अनुरोध प्रेमको सन्देश घर परिवार, गाउँ- गाउँ, बस्ति-बस्ति, शहर- बजार सबैतिर फैलाऔं र आज अहिलैबाट प्रेमिल अर्थात प्रेमको जीवन बाँच्न सिकौं र सिकाऔं ।

**जीवन के हो ?**

जीवन ईश्वरको अमुल्य बर्दान हो । सधैं खुशी रहेर, कृत्यज्ञ बनेर, हाँसेर, नयाँ जोस-जाँगर र सकारात्मक सोचका साथ जीवनलाई सार्थक तुल्याऔं । दुःख कसलाई छैन होला यहाँ, तर हाँस्दै, खेल्दै, अनि रमाउँदै जीवन जिउन सक्नु नै जीवनको जित हो भन्ने लाग्छ मलाई ।

**हालै सार्वजनिक तपाईंको गीत “भाकी सकें” बारे ?**

म एकदमै खुशी छु । सबै साथी भाइ, परिवार, आफन्तहरु, अनि आम दर्शक स्रोताबाट धेरै भन्दा धेरै साथ, आशीर्वाद र माया पाइरहेको छु । सबैबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छु । बास्ताबमा भन्नु पर्दा, मैले अपेक्षा गरेभन्दा राम्रो रेसपोन्स आइरहेको छ ।

**हजुरको भावी योजना के छ ?**

गीत संगीतकै काम गर्दै गरेको हुँदा, अब आउने दिनहरु पनि मेरो नयाँ नयाँ गीत संगीतको कामहरुमा नै बित्ने छन् । यसो भनौं, संगीतको नशाले छोएको हुनाले जीवन पुरै संगीतमय हुने छ ।

**कलाकारिता क्षेत्रको श्रीवृद्धिका लागि राज्यले कस्तो भूमिका निर्वाह गर्नुपर्छ ?**

हेर्नुहोस्, सर्बप्रथम त हामी आफूमा सक्षम हुनुपर्छ, आफूमा एक जुट हुनुपर्छ, हामीमै एकता छैन, दोस्रो कुरा राज्यले कलाकारलाई गहनाको रुपमा होइन अंगको रुपमा स्वीकार्न सक्नुपर्छ र कलाकारका लागि केही सहज व्यवस्था गर्दिन पर्छ । कलाकारिताको सम्पूर्ण विधालाई एकै ठाउँमा समेटेर सबैलाई सेन्सर लगाएर पास गराउन पर्छ, विकृत पक्षलाई कारबाही गर्न हिच्किचाउनु हुँदैन । समाजमा सकारात्मक किसिमको प्रभाव पार्ने किसिमको मौलिक कला र संस्कृतिलाई आम दर्शकमाझमा ल्याउनुपर्छ जस्तो लाग्छ ।

**पछिल्लो समयमा गीत संगीतमा विकृति भित्रिनुको कारण के होला ?**

गीत संगीतमा विकृति भित्रिनुको कारण मुख्यरुपमा हामीले मौलिक संस्कृति झल्किने किसिमको गीतहरुलाई संरक्षण एवं कला र कृतिहरुलाई जगेर्ना नगुर्नु नै हो जस्तो लाग्छ । हामीले अरुको देखासिखी गरेर गीत संगीतहरु रचना गरिरहेका छौं, सोही कारण पनि विकृति भित्रिएको हो जस्तो लाग्छ ।

**आफूले गरेको कामबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?**

म पूर्णरुपमा सन्तुष्ट रहेको छु । प्रवासमा रहेर पनि काम गर्ने वातावरण मिलेको छ, अग्रज कलाकार गायक गायिका, सहकर्मी साथीहरुको प्रेरणा हौसला र मार्गनिर्देशन पाएको छु, जुन कुरामा मेरो परिवारको सदस्यको पूर्ण साथ र सहयोग रहेको छ । जसले गर्दा मलाई नेपाली मौलिक कलाकारितामा थप अगाडि बढ्नका लागि प्रभावकारीरुपमा हौसला मिलेको छ ।

**हाँसी खुशी रहनका लागि के-के गर्नुपर्छ जस्तो लाग्छ ?**

यो एउटा प्राकृतिक कुरा हो । कोही अलिकति दुःख पर्दा पनि आत्तिन्छन् र ठूलो दुःख आयो भन्ने सोच्दछन् । म त्यो वर्गमा परिनँ । म ठूलो दुःख आउँदा पनि हाँसेर जित्ने स्वभावको मान्छे परें । दुःखमा पनि नआत्तिने, स्वाभिमानी तथा सकारात्मक सोच राख्न सक्नुपर्छ ।

**अन्तमा तपाईंका शुभचिन्तकहरुलाई के भन्न चाहनु हुन्छ ?**

संगीतमा साधना गरिरहेको छु । हजुरहरुकै मायाले म टिकेको छु र साथ सपोर्ट, सल्लाह सुझाव पनि दिनु होला । मेरा गीतहरुलाई माया गरिदिनु होला यही भन्न चाहन्छु ।

## ‘आ’धी तुफान २’ माघ २७ मा आउने

**काठमाडौं/मस-** फिल्म ‘आँधी तुफान २’ माघ २७ गतेबाट प्रदर्शनमा आउने भएको छ । चेलिबेटी बेचबिखन गर्ने गिरोहलाई सिक्रेट मिशनमा रहेका तीन महिला पात्रको कथामाथि निर्माण भएको चलचित्र ‘आँधी तुफान २’ आगामी माघ २७ गतेबाट देशभर प्रदर्शनमा आउने जानकारी निर्माता तथा लेखक मौनता श्रेष्ठले दिएका छन् । वितरक कम्पनी आरआर फिल्मससँग छलफल गर्दै माघ २७ गते चलचित्र प्रदर्शन गर्ने सहमति भएको उनले बताए ।

चलचित्रमा सञ्जीत भण्डारी, आरती आचार्य, सोनी बिसी र याङ्शु श्रेष्ठ, रवी गिरी, पुस्कर राउत, विन्दिया ठकुरी, सपना श्रेष्ठ, राजु घिमिरे, शत्रुधन अन्सारी, जोया बुढाथोकी, रुपा केसी, ऋचा थापा, चक्र राई, संजय खतिवडा, कनिज कोइराला, लगायतको अभिनय छ ।

मदन घिमिरे निर्देशित चलचित्रमा छायांकन रामशरण उप्रती, नृत्य कमल राई र अभि वाग्ले, संगीत सुरेश अधिकारी र विक्रम थापा, शब्द रचना हरी उप्रेती र दीपेन्द्र खड्काको रहेको छ भने विनुसा राई र अर्जुन लिम्बुको स्वर रहेको छ । प्रेम चुल्ठेको द्वन्द्व निर्देशन, मन्दिल श्रेष्ठले सम्पादन गरेका हुन् ।

## दीपेन्द्र लामाको ‘नांगो गाउँ’मा दयाहाङ र मिरुना

**काठमाडौं/मस-** निर्देशक दीपेन्द्र लामाले नयाँ फिल्म निर्माणको घोषणा गरेका छन् । उनको लेखन तथा निर्देशनमा बन्न लागेको नयाँ फिल्मको नाम ‘नांगो गाउँ’ राखिएको छ । मनिष्मा फिल्मस् प्रा.लिको ब्यानरमा निर्माण हुने फिल्मका प्रस्तुतकर्ता हिमाल शर्मा हुन् । फिल्ममा जय श्रेष्ठको लगानी रहनेछ ।

यो फिल्ममा नायक दयाहाङ राई र नायिका मिरुना मगरले अभिनय गर्ने पक्का भइसकेको छ । मिरुना र दयाले यसअघि यो बर्षको ब्लकबस्टर फिल्म ‘कबड्डी ४’मा अभिनय गरेका थिए । यी दुई बाहेक अन्य कलाकारको छनोट चाडै नै हुने निर्देशक लामाले बताए । यो फिल्ममा दयासँगै अर्को एक जना नायकको पनि मुख्य भूमिका रहने बताउँदै दीपेन्द्रले केही दिनमा नै सार्वजनिक गर्ने बताएका छन् ।

यो फिल्मलाई राजनीतिक कथामा प्रस्तुत गर्ने तयारी दीपेन्द्रको छ । फिल्मको छायांकन चैत्र महिनाबाट शुरु हुनेछ । निर्देशक लामाले भने-‘यो फिल्ममा हामीले मानव जातिको लाचारीपना, निर्लज्जता र ढोंगप्रति कडा ब्यंग्य गर्ने तयारी गरेका छौं । फिल्ममा दर्शकले हाँस्यरस, प्रेम र कारुणिकताको पनि आनन्द लिन पाउनेछन् ।’ फिल्मको कथा लेखन अन्तिम चरणमा पुगेको भन्दै उनले कुनै पहाडी गाउँमा फिल्मको छायांकन हुने बताए ।

लामाको यो पाँचौ निर्देशकिय फिल्म हुनेछ । उनले, ‘घामपानी, गोपि, छ माया छपक्कै र २ नम्बरी’ जस्ता फिल्म निर्देशन गरिसकेका छन् ।



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१-५३२६३६६, ०१-५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**